# मध्यस्थता

Madhyasthata Weekly साप्ताहिक

वर्षः २७ अङ्कः १७ २०८२ मंसिर ७ गते आइतबार (23rd November, Sunday 2025) पृष्ठः ८ मूल्य रू २०/- वेभसाईटः www.madhyasthata.com


*'अधुरा आयोजनालाई पूर्ण रूपमा सम्पन्न गर्दैछौँ'*



*बागमती प्रदेश सरकारका प्रवक्ता तथा आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङसँग गरिएको कुराकानी*

*पृष्ठ ३ मा...*

# स्वास्थ्य सुधारतर्फ बागमती

मध्यस्थता

बागमती प्रदेश सरकारको स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय हेटौडाले गत आर्थिक वर्षमा प्रदेशभर सम्पादित स्वास्थ्य कार्यक्रमहरूको समग्र मूल्याङ्कन गर्दै प्रदेशस्तरीय वार्षिक समीक्षा गरेको छ ।

हेटौडामा कात्तिक ३० गते देखि मंसिर २ गतेसम्म सञ्चालन भएको गोष्ठीमा प्रदेश सरकारले आगामी दिनमा स्वास्थ्य क्षेत्रलाई थप सुदृढ, प्रभावकारी र नागरिक मैत्री बनाउने उद्देश्यसहित १३ बुँदे प्रतिवद्धता गरेको छ । गोष्ठीमा प्रदेशका सबै जिल्लाबाट सहभागी स्वास्थ्यकर्मी, नीति निर्माता र सरोकारवालाबीच स्वास्थ्य सेवा प्रवाहको अवस्था, हालसम्मका उपलब्धि, विद्यमान चुनौती र तिनको समाधानका उपायबारे विस्तृत समीक्षा तथा गहन छलफल गरिएको थियो ।



स्वास्थ्य निर्देशनालय हेटौँडाका अनुसार गोष्ठीले प्रदेश स्वास्थ्य नीति, दोस्रो आवधिक योजना तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्वास्थ्य सम्बन्धी प्रतिवद्धतालाई आधार मानेर आगामी वर्ष स्वास्थ्य क्षेत्रमा लागू गर्नुपर्ने प्रमुख प्राथमिकता र सुधारका दिशाहरू तय गरेको हो । सोही क्रममा आगामी आर्थिक वर्ष २०८२–८३ का लागि प्रदेश स्वास्थ्य क्षेत्रको रणनीतिक योजना तयार गरी कार्यान्वयनमा लैजाने पहिलो प्रतिवद्धता गरिएको छ । यसका साथै प्रदेश मातहतका सबै अस्पताल तथा आयुर्वेद र वैकल्पिक चिकित्सालयमा इलेक्ट्रोनिक मेडिकल रेकर्ड प्रणाली पूर्ण रूपमा लागू गर्ने निर्णयसमेत गरिएको छ, जसले सेवा प्रवाहलाई प्रविधिमैत्री र व्यवस्थित बनाउने अपेक्षा गरिएको छ ।

गोष्ठीबाट 'बागमती प्रदेश हेल्थ डिजिटालाइजेसन' कार्यक्रमलाई थप विस्तार गर्ने प्रतिवद्धता पनि आएको छ । यसअन्तर्गत भक्तपुर, हेटौंडा र विशुली अस्पताललाई टेलिमेडिसिन सेवाका हबका रूपमा विकास गर्दै प्रदेशका कम्तीमा १५ वटा अस्पताललाई स्पोक अस्पतालका रूपमा विस्तार गरिने जनाइएको छ । यसले दुर्गम तथा सेवा पहुँच बाट टाढा रहेका नागरिकले पनि विशेषज्ञ सेवा सहज रूपमा प्राप्त गर्न सक्ने विश्वास लिइएको छ ।

नसर्ने रोगहरूको बढ्दो जोखिमलाई ध्यानमा राख्दै प्रदेश सरकारले यस क्षेत्रलाई उच्च प्राथमिकतामा राख्ने प्रतिवद्धता जनाएको छ । सबै वडामा नियमित स्क्रिनिङ कार्यक्रम सञ्चालन गरिने, 'मेरो स्वास्थ्य, मेरो जिम्मेवारी–एक घण्टा मेरा लागि' अभियान अघि बढाइने तथा योग, ध्यान र प्राणायामजस्ता जीवनशैली सुधार सम्बन्धी कार्यक्रम प्रदेशभर सञ्चालन गरिने उल्लेख गरिएको छ । साथै प्रदेशका अस्पतालहरूमा विशेषज्ञ सेवा सुनिश्चित गर्न 'प्रदेश विशेषज्ञ प्रोत्साहन कार्यक्रम' लागू गरिने निर्णय गरिएको छ, जसले विशेष गरी दुर्गम क्षेत्रका नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने अपेक्षा गरिएको छ ।

गोष्ठीले स्थानीय तहको अग्रसरतामा 'स्वस्थ शहर अवधारणा' कार्यान्वयन गर्ने र स्वास्थ्यलाई सबै सार्वजनिक नीतिहरूको मुख्यधारमा ल्याउने निर्णय पनि पारित गरेको छ । यससँगै स्वास्थ्यजन्य फोहोर व्यवस्थापनलाई व्यवस्थित बनाउन प्रत्येक अस्पतालमा समर्पित सम्पर्क व्यक्ति तोक्ने, स्थानीय तहसँग सहकार्य गरी फोहोरको सुरक्षित अन्तिम विसर्जन गर्ने व्यवस्था मिलाइनेछ । दुर्गम क्षेत्रका नागरिकलाई लक्षित गरी विशेषज्ञसहितको एकीकृत जनस्वास्थ्य तथा पोषण प्रवर्धन अभियान सञ्चालन गरिने तथा आवश्यकताअनुसार निजी अस्पताललाई स्वास्थ्य शिविर सञ्चालनमा जवाफदेही बनाइने पनि प्रतिवद्धतामा उल्लेख गरिएको छ ।

प्रदेशमा सञ्चालन हुँदै आएको स्वर्णविन्दु प्राशन कार्यक्रमलाई थप व्यवस्थित गर्दै सबै जिल्लामा विस्तार गरिने निर्णय समेत गरिएको छ । त्यसैगरी आयुर्वेद तथा वैकल्पिक चिकित्सालयमार्फत योग, ध्यान, पूर्वकर्म र पञ्चकर्म सेवाको पहुँच बढाइने प्रतिवद्धता पनि गोष्ठीले जनाएको छ । काठमाडौँ उपत्यकासहित ठूला शहरहरूमा अस्थायी रूपमा बसोबास गर्ने तथा चलायमान समुदायको स्वास्थ्य जोखिमको नक्शाङ्कन गरी उनीहरूलाई आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्ने अर्को महत्वपूर्ण प्रतिवद्धता पनि गरिएको स्वास्थ्य निर्देशनालयले जानकारी दिएको छ ।

आपतकालीन अवस्थामा न्यूनतम स्वास्थ्य सेवा सुनिश्चित गर्न प्रदेश स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्रलाई थप सुदृढ बनाइने र सबै जिल्लामा यसको अद्यावधिक प्रणाली लागू गरिने निर्णय गरिएको छ । यससँगै स्वास्थ्य मन्त्रालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी आवश्यक जनशक्ति र संरचनाको स्तरोन्नति गरिने, प्रदेश स्वास्थ्य सुशासन सूचक तयार गरी संस्थागत सुशासन, जवाफदेहिता र पारदर्शिता अभिवृद्धि गरिने र सबै खरिद प्रक्रिया अनिवार्य रूपमा बोलपत्र प्रणालीमार्फत सञ्चालन गरिने व्यवस्था लागू गरिनेछ ।

गोष्ठीले पुराना र प्रयोगमा नआउने उपकरण तथा औषधिको जिन्सी निरीक्षणपछि लिलाम गर्ने र जिन्सी व्यवस्थापन प्रणालीलाई व्यवस्थित बनाउने निर्णयसमेत गर्दै १३ बुँदे प्रतिवद्धता पत्र जारी गरेको हो । स्वास्थ्य मन्त्रालयका अनुसार यी प्रतिवद्धताहरू प्रभावकारी रूपमा कार्यान्वयनमा आए प्रदेशभरको स्वास्थ्य सेवा प्रणाली अझ सक्षम, उत्तरदायी र नागरिकमैत्री बन्ने विश्वास लिइएको छ ।


## एचआईभी/एड्स रोगबाट बचौं र बचाऔं !

- असुरक्षित यौन सम्पर्कबाट जोगिऔं,
- यौन सम्पर्क गर्दा कण्डम प्रयोग गरौं,
- विषाणुरहित रगत तथा सुई प्रयोग गरौं,
- लागु औषधको दुर्व्यसन वा कुलतबाट टाढा रहौं,
- समय-समयमा एचआईभी/एड्सलगायतको परीक्षण गरौं,
- एड्स संक्रमित व्यक्तिलाई सम्मान र माया गरौं,
- एड्स असुरक्षित यौन सम्पर्क वा विषाणुयुक्त सुईको कारणले सर्ने रोग हो,
- यौन रोगका कुनै लक्षण देखिए उपचार तथा परामर्शका लागि चिकित्सकसंग सम्पर्क गरौं ।

*सावधानी अपनाऔं, स्वस्थ रहौं !*

नेपाल सरकार

**विज्ञापन बोर्ड**


## मध्यस्थता मत

### *कमरेड प्रचण्डका नाममा...*



प्रकाशचन्द्र पाण्डे 'प्रलोक'

**कमरेड संयोजक**

**केन्द्रीय कार्यालय, काठमाडौं, कोटेश्वर पेरिसडाँडा**

*अध्यक्ष कमरेड, मैले निकै सोचेर महान शहीदहरूलाई सम्झँदै म जस्तै तमाम घाइते शरीरभरि गोली र छर्रा बोकेर नियमित औषधि खाएर जीवन बचाउनुपर्ने सह योद्दाहरूको पीडा अनुभूति गर्दै बेपत्ता साथीहरूलाई सम्झिएर माटो छोएर यो पत्र लेख्ने हिम्मत गरेको छु । मैले मेरो जिम्मेवारी भएको साङ्गठानिक फर्मेसनमा राजीनामा र सदस्यता परित्यागको पत्र दिएको जानकारी भयो होला भन्ने लाग्छ ।*

*आदरणीय संयोजक कमरेड*

*के प्रचण्ड ब्रिगिएकै हुन् त ?*

*अन्तर हृदयदेखि मन उद्वेलित छ । पटकपटक गरी लामो समय तपाईंको सुरक्षाका लागि रहेको सिपाही, तपाईंका लागि मर्न तयार म आज निकै भावुक छु । आज सीता आमा, ज्ञानु दिदी र प्रकाश दाइलाई अलि बढी सम्झिएको छु । सायद उहाँहरू भइदिएको भए मैले यो लेखिरहनुपर्ने पक्कै पर्दैन थियो, यो पनि मनमा खेल्छ ।*

*शान्ति प्रक्रियाको सुरूवाती समय कामीडाँडादेखि काठमाडौंका बौद्ध, ठमेल, भक्तपुरका होटलहरूमा बसेकोदेखि स्थायी रूपमा नयाँ बजारमा बस्न सुरु गरेको दिनहरू मानसपटलमा फनफनी घुमिरहेका छन् ।*

*बालुवाटारबाट सार्वजनिक हुँदा नेताहरूको एउटै ड्रेस, सुरक्षामा खटिएका जनमुक्ति सेनाको एउटै रङ्का सफारी सुट, पहिलो संविधान सभामा रोल्पादेखि काठमाडौं १० नम्बर क्षेत्रमा नेतृत्वको रक्षाको लागि गरिएको बन्दोवस्ती, ६ दिने हाम हड्ताल र कटुवाल प्रकरणमा नेताहरूको भागदौडमा तपाईंले हामी कमान्डरहरूलाई बरू म पनि मर्न तयार तर बालुवाटारबाटै संसारलाई दिएको हुँकार होस् वा गिरिजाप्रसाद कोइरालादेखि माधव नेपाल हुन् वा भारतका पूर्व राष्ट्रपति प्रतिभा पाटिलसम्मको भेटवार्ता ।*

*कुटनीतिक नियोगका विशिष्ट*

*बाँकी पृष्ठ ७ मा...*

मध्यस्थता
Madhyasthata Weekly साप्ताहिक
२०८२ मंसिर ७ गते आइतबार
(23rd Nov., Sunday 2025)

## सम्पादकीय

# सडक विस्तारका चुनौती

*बागमती प्रदेशको राजधानी हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको सडक सीमा केन्द्र रेखादेखि २५-२५ गजभित्र बनेका स्थायी तथा अस्थायी घरटहरा, संरचना र अन्य प्रकारका अतिक्रमणलाई नियन्त्रण गर्ने प्रयास विगतका वर्षहरूदेखि निरन्तर भइरहेको छ । बेला बेलामा सडक डिभिजन कार्यालय हेटौंडाले सार्वजनिक सूचना जारी गर्दै सडक सिमाभित्रका संरचनाहरू हटाउन निर्देशन दिँदै आएको छ । तर, विगतमा जारी सूचनाले अधिकांश अवस्थामा कार्यान्वयन पाएको छैन । राजनीतिक दबाब, बजेट अभाव, स्थानीय विरोध, अदालतमा परेको रिट लगायतका कारणले सडक डिभिजनले सडक फराकिलो पार्न वा अतिक्रमण हटाउन सधैं प्रभावकारी कदम चाल्न सकेको छैन । यसरी सूचना प्रकाशन मात्र गरेर अतिक्रमण हटाइने की त्यसलाई नजरअन्दाज गरिने भन्ने विषयमा स्थानीयवासी, व्यापारी, राजनीतिक विश्लेषक तथा सामान्य नागरिकबीच विवाद र जिज्ञासा कायम रहँदै आएको छ ।*

*सडक डिभिजनले जारी गरेको पछिल्लो पन्ध्र दिने अल्टिमेटमले हेटौंडा बजारको प्रमुख सडक क्षेत्र रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म र बुद्धचोकदेखि सामरी पुलसम्मको सडक सीमाभित्र रहेका घरटहरा र अन्य संरचनाहरू हटाउन भनिएको छ । यस क्रममा सर्वोच्च अदालतले २०७८ पुस १९ गते र २०८० वैशाख १० गतेका निर्णयहरूलाई समेत आधार बनाइएको छ । सर्वोच्च अदालतको आदेशअनुसार, २०३४ पछि निर्माण भएका सडक सीमा भित्रका संरचना भत्काउँदा सरकार ले क्षतिपूर्ति दिनुपर्ने छैन, जबकी २०२१ देखि २०३४ बीचमा ७ फिट जग्गामा बनेका संरचना मात्र भत्काउँदा क्षतिपूर्ति उपलब्ध गराइने व्यवस्था गरिएको छ । यसैले सडक डिभिजनको यो कदम कानुनी दृष्टिले बलियो छ, तर कार्यान्वयनमा स्थानीय विरोध, व्यापारिक दबाब र प्रशासनिक कमजोरीका कारण अझै चुनौतीपूर्ण बनेको छ । विगतमा असार २०७६ मा रोड विस्तारका लागि केही जग्गा खाली गराइएको थियो, तर त्यसपछि पुनः सडक डिभिजन मैदानमा आउन सकेको छैन ।*

*सडक डिभिजनको यो प्रयास केवल कानुनी आदेश कार्यान्वयन मात्र होइन, शहरको योजनाबद्ध विकास र आवागमनको सहजताको लागि अपरिहार्य कदम हो । महेन्द्र राजमार्ग र त्रिभुवन राजपथ जस्ता मुख्य सडकका सीमाभित्र स्वीकृतिप्राप्त नभएको संरचना बनाउने, प्रवेश मार्ग खोल्ने, खाडल खन्ने वा अन्य अवरोध सिर्जना गर्ने कार्य सार्वजनिक सडक ऐन, २०३१ ले स्पष्ट रूपमा निषेध गरेको छ । यसै क्रममा, अन्तरिम सरकारको सक्रियता, संघीय सरकारले बजेट उपलब्ध गराउने तयारी र सडक डिभिजनको स्पष्ट नीति कार्यान्वयन भएमा हेटौंडामा सडक अतिक्रमण नियन्त्रण, यातायात व्यवस्थापन र नागरिक सुरक्षामा ठूलो सुधार सम्भव छ । तर, स्थानीय सहयोग, प्रशासनिक संयोजन र स्थायी नीति कार्यान्वयनको अभावले यस प्रक्रियालाई अझै जटिल बनाएको छ । हेटौंडा बजारको समग्र विकास, व्यावसायिक गतिविधि र जनताको सहज आवागमन सुनिश्चित गर्न सडक डिभिजनको सूचनालाई कार्यान्वयनमा ल्याउनु अत्यावश्यक छ, जसले शहरको भविष्यमा व्यवस्थित सडक संरचना र योजना बनाउने मार्ग प्रशस्त गर्नेछ ।*

# नवजात शिशुको दायित्व राज्यले लिने देशमा यात्रा

**मध्यनजर**



सुशील राज गिरी

अष्ट्रेलिया भ्रमण मेरो जीवनको ११ औं वैदेशिक यात्रा थियो । देश फेरिए पनि मेरो लागि भने खासै नयाँ अनुभूति थिएन, किन भने म यसअघि पनि धेरै देश घुमिसकेको थिएँ । त्यसैले मभन्दा धेरै उत्साहित मेरी श्रीमती थिइन्- किनभने यो उहाँको पहिलो विदेश यात्रा थियो । पहिलो पटक प्लेन चढ्ने, नयाँ देश हेर्ने र नयाँ अनुभव लिने अवसरले उनी निकै रमाएकी थिइन् ।

हाम्रो छोरा त अझै दुई वर्षको पनि भएको थिएन । तर सानै उमेरमा उसले गरेको यो पहिलो वैदेशिक यात्रा पनि सम्भवतः उसको लागि रमाइलो अनुभव बन्यो । सँगै मेरी आमा पनि हुनुहुन्थ्यो । उहाँका लागि भने यो यात्रा झन् विशेष थियो- किनकि उहाँ आफ्ना छोरा-बुहारी, छोरी-ज्वाईं र नातिनीहरू सँग भेट हुने उत्साहले भरिएको हुनुहुन्थ्यो ।

परिवारका सदस्यहरूको पहिलो अन्तर्राष्ट्रिय यात्रा, आ-आफ्नै उत्साह र भावना; र छुट्टै अनुभवले यो अष्ट्रेलिया यात्रा मेरो जीवनमा अझै अविस्मरणीय बन्यो ।

अहिले म अष्ट्रेलियाको यात्रा क्रममा देखेका, भोगेका अनुभवहरूमध्ये एउटा फरक र गहिरो प्रसंगमा कलम चलाउँदैछु। यो प्रसंग मेरो आमा, श्रीमती र छोरासँगको र माइलो यात्रा अनुभवभन्दा पनि फरक छ- एक गहिरो अनुभूति र सेवा-सुविधासँग जोडिएको विषय हो ।

हामी अष्ट्रेलिया पुगेको करिब १५-२० दिन जति भएको थियो। संयोग यस्तो पर्‍यो कि मेरा भाइ र बुहारी पहिलो सन्तानको अभिभावक बन्ने तयारीमा थिए । हामी त्यही बेलामा पुगेका थियौं । अचानक एक दिन बुहारीलाई सुत्केरी व्यथा लाग्यो, र तुरुन्तै अस्पताल लैजानुपर्ने भयो ।

बुहारीलाई लैजाने अस्पताल सरकारी (सामुदायिक) अस्पताल नै थियो, तर त्यहाँ पुगेपछि हामी अचम्ममा पर्‍यौं । अस्पताल त सरकारी भए पनि सुविधा, सर सफाइ र सेवा त एकदमै पाँच तारे होटल जस्तै लाग्नेे। नेपालमा जस्तो सुत्केरी हुँदा लुगाफाटो, भाडाकुँडा, औषधिदेखि लिएर खानेकुरासम्म बोकेर अस्पताल जानुपर्ने बाध्यता त्यहाँ थिएन । न त बिरामीको हेरचाह गर्न दुई-चार जना परिवारका सदस्य खटिनुपर्ने अवस्था थियो। सबै कुरा अस्पतालकै व्यवस्थापन थियो- चिटिक्क परेको कोठा, सफा ओछ्यान, समयमै आउने स्वास्थ्य कर्मी, हरेक कुरामा सेवाभाव देखिने व्यवहार । एकछिन त हामी आफैं अलमल्लमा पर्‍यौं, यति सुविधा र व्यवस्थित सेवा सरकारी अस्पतालमा पनि सम्भव रहेछ भन्ने कुरा स्वीकार गर्न गाह्रो लाग्यो । त्यो दिन मैले बुझें- सेवा भन्ने कुरा पैसाले मात्रै होइन, व्यवस्थापन र इच्छाशक्तिले पनि धेरै फरक पार्दोरहेछ । अष्ट्रेलियाको त्यो अनुभव मेरो मानसपटलमा गहिरो छाप छोडेर गयो ।

हामी अष्ट्रेलिया पुगेको केही समयपछि, एक सुखद् संयोग जुर्‍यो- मेरा भाइ र बुहारी पहिलो सन्तानको अभिभावक बन्ने तयारीमा थिए । सबैको अनुहारमा उत्साह र प्रतीक्षाको भाव झल्कि रहेको थियो । बुहारी रोशनीकै इच्छा अनुसार, सम्भव भएसम्म प्राकृतिक (नर्मल) डेलिभरी गर्ने निर्णय गरिएको थियो। यो कुराले मलाई झनै छोयो जब मैले थाहा पाएँ कि त्यहाँका स्वास्थ्यकर्मीहरू पनि आमाको चाहनाको सम्मान गर्दै, सक्दो प्रयास गरेर नर्मल डेलिभरी गराउने पक्षमा रहेछन् । अन्ततः, अस्पताल भर्ना गरिएको दोस्रो दिन नै, एउटा सानी परीले यो संसारमा पाइला टेकिन् । छोरीको आगमनसँगै पूरै परिवार खुशीले भरियो, आँखामा आँसु, ओठमा मुस्कान, र मनमा अपार कृतज्ञता थियो ।

नेपालको सन्दर्भ सम्झें- जहाँ सामान्य डेलिभरी भएपछिको भोलिपल्टै डिस्चार्ज गर्ने चलन हुन्छ । मैले पनि सोचेको थिएँ, अब सुत्केरी भएको छ, साँझ वा भोलि पल्टसम्म घर फर्किने होला । तर, अष्ट्रेलियाको प्रक्रिया केही फरक थियो । त्यहाँको सेवा प्रणालीले मलाई फेरि एकपटक चकित पार्‍यो । जबसम्म आमाले आफैं विश्वस्त भएर, 'अब म तयार छु, मलाई डिस्चार्ज गरिदिनुहोस्,' भन्दिनन्, तबसम्म अस्पतालले डिस्चार्ज गर्दोरहेनछ। त्यो अवधिमा स्वास्थ्यकर्मीहरू दिनहुँ आउने-जाने गर्थे, उनीहरूले नयाँ आमालाई आवश्यक सबै कुरा सिकाउँथे- बच्चालाई कसरी स्तनपान गराउने, कसरी नुहाउने, कसरी सम्हाल्ने र आफ्नो स्वास्थ्यको पनि कसरी ख्याल राख्ने। त्यो समर्पण, त्यो धैर्य र त्यो सेवाभाव देख्दा मेरो मनभित्र गहिरो सम्मानको भावना जाग्यो । सुत्केरी महिला लाई साँचो अर्थमा 'मातृशक्ति' को रूपमा सम्मान गरिएको देख्दा मन छोयो ।

अन्ततः, चौथो दिनमा रोशनीले आफैं आग्रह गरिन्-'अब मलाई डिस्चार्ज दिनुहोस्' अनि मात्र उनी र नवजात छोरीलाई घर ल्याइयो। हामी सबै खुसी हुँदै, रोशनी र सानी परीलाई लिएर वागा वागा स्थित घरतर्फ लाग्यौं । त्यो यात्रा, त्यो अनुभव र त्यो माया-ममताले भरिएको सेवा सम्झँदा अझै पनि मन न्यानो हुन्छ ।

अस्पतालबाट डिस्चार्ज भएपछि हामी खुशीसाथ वागा वागाको घरमा फर्कियौं । घरमा त स्याहार -सम्भारको त कुरै अर्कै थियो । आमाले, श्रीमतीले, हामी सबैले नवजात शिशुलाई जतनले राख्यौं। तर मलाई सबैभन्दा चकित बनाउने कुरा त त्यो थियो, जुन मैले त्यसपछि अनुभव गरें ।

बेला-बेला अस्पतालबाट फोन आउँथ्यो- 'बच्चालाई कस्तो छ?', 'आमालाई त ठीक छ नि ?', 'कुनै समस्या परे नहिच्किचाई भन्नुहोस् है !'

त्यसरी कहिले डाक्टर, कहिले नर्सबाट नियमित फोन आउनु, त्यो पनि घर फर्किएपछि, यो त साँच्चै नै हाम्रो समाजभन्दा धेरै अघि बढेको सेवा थियो ।

भाइ र बुहारीलाई पनि अस्पतालले खुलेर फोन गर्न भनेको रहेछ, कुनै समस्या परे तुरुन्त सम्पर्क गर्न । यो कुराले मन छुने गरी स्पर्श गर्‍यो मलाई । तर अझ गहिरो प्रभाव त त्यो दिन पर्‍यो, जतिखेर एकदिन अचानक अस्पतालकी नर्स इन्चार्ज आफैं हाम्रो घर आइपुगिन् ।

हातमा एउटा चेकलिस्ट बोकेर, शालीनता र मुस्कान सहित उनी भित्र पसिन् । सुरुमा बाहिरी सर सफाइ हेरेर, उनी सिधा भाइ-बुहारी बसेको कोठातिर लागिन् । केही समय उनीहरू सँगै बसेकी थिइन्, त्यसपछि भाइलाई बाहिर पठाएर केवल बुहारीसँग मात्र एक्लै बसेर कुराकानी गरिन् ।

यो दृश्य देखेर मेरो मनमा जिज्ञासाको बादल मडारियो। जब भाइ बाहिर आए, मैले रोक्न सकिनँ, सोधिहालें- 'के कुराकानी भयो ? नर्स किन एक्लै बसेर कुरा गरिन् त ?'

भाइको उत्तरले मलाई स्तब्ध बनायो ।

'उनी नानी सुत्ने ठाउँ कस्तो छ, ओढ्ने ओछ्याउने सफा छ कि छैन, हावापानी ठीक छ कि छैन हेर्दै थिइन् । अनि रोशनी (बुहारी) लाई सोधिन्- बच्चा सम्हाल्न गाह्रो त छैन ? खाना, आराम, निद्रा, स्तनपान-सबै कुरा बुझिन्। श्रीमान् (भाइ) को साथ, व्यवहार, सहयोग बारे समेत सोधिन् ।'

म चुप भएँ । हेरिरहें त्यो चेकलिस्ट बोकेर घरमै आइपुगेकी नर्सलाई । भित्रभित्रै सोच्दै थिएँ- 'कति ठूलो माया ! हाम्रै बच्चाका लागि उनीहरूले कति चिन्ता लिएका !'

नर्स बाहिर निस्कँदा मैले आफूलाई रोक्न सकिनँ । नाम सोधेर, परिचय दिँदै विस्तारै सोधें-'हजुरहरूले यति धेरै किन गर्नुहुन्छ ? यो हाम्रो बच्चा हो, हामी आफैं चिन्तित छौं उसको हेरचाहमा ।'

मेरो प्रश्न थियो, शायद केही हदसम्म मेरो राष्ट्रको सन्दर्भमा आएको अभावको झल्को पनि थियो । म आफैं वर्षौंदेखि बाल बालिकाको क्षेत्रमा क्रियाशील छु- बालअधिकार, सुरक्षाको पक्षमा लागिपरेको मान्छे । तर उनको उत्तरले मेरो हृदय छाम्यो, आँखा रसाए, मन झन् भावुक भयो ।

'हो, यो तपाईंहरूको बच्चा हो' उनले नरम मुस्कानका साथ भनिन्, 'तर अब यो बच्चा केवल तपाईंहरूको मात्र होइन । यो हाम्रो स्टेटको पनि बच्चा हो, हाम्रो देशको बच्चा हो । उहाँ-हामी जस्तै सबैको साझा जिम्मेवारी हो- स्वस्थ, सुरक्षित र सम्मानजनक हुर्काइ दिनु । हामीसँग नाता अब भावनाको हो, व्यवस्थाको हो, उत्तर दायित्वको हो ।'

त्यो वाक्यले म भित्रभित्रै काँपिएँ । मलाई मेरो देश सम्झाइरहेको थियो- जहाँ सुत्केरी महिला अस्पतालबाट चाँडै डिस्चार्ज हुनुपर्ने बाध्यता छ, जहाँ बिरामी भर्ना हुँदा आफ्नो सबै सामान आफैं बोक्नुपर्ने अवस्था छ, र जहाँ नानी जन्मिएपछि पनि समाज र सर कारको ध्यान त्यति पुग्दैन ।

तर यहाँ ? यहाँ त बच्चा जन्मिए पछि पनि सरकारका हातहरू स्याहारका रूपमा न्यानो भएर आइपुग्ने रहेछन् । आमाको हात समाउने, बुवाको चिन्तामा साथ दिने र सिंगो परिवारलाई आत्मविश्वास दिने राज्य रहेछ यो । त्यस दिन मैले महसुस गरें-बाल अधिकार कागजमा होइन, व्यावहारिक जीवनमा लागू भएपछि मात्र त्यो साँचो संरक्षण हुन्छ ।

# मध्यस्थता संवाद

## 'अधुरा आयोजनालाई पूर्ण रूपमा सम्पन्न गर्दैछौं'

*बागमती प्रदेश सरकारले ठूलो वित्तीय लगानी गर्दै निर्माण सम्पन्न गरेका आधा दर्जनभन्दा बढी महत्वपूर्ण आयोजना अहिलेसम्म सञ्चालनमा आउन सकेका छैनन् र अलपत्र अवस्थामा रहेका छन् । यी संरचनाहरू निर्माण भए पनि सञ्चालन मोडालिटी र कार्यविधिको अभावका कारण जीर्ण हुँदै गइरहेको छ, जसले प्रदेश सरकारको अर्बौंको स्रोत खेर जानुमा प्रभाव पारेको छ । एक अर्ब रुपैयाँभन्दा बढीको लगानी भएका यी आयोजनाहरू सञ्चालनमै नआएपछि प्रदेशको ठूलो लगानी निष्प्रभावी भएको देखिन्छ । प्रदेश सरकारले निर्माण गरेका शीत भण्डार, पाउडर प्लान्ट, थोक बजार, घरेलु उद्योग प्रदर्शनी केन्द्र र भ्यूटावर जस्ता कुल ६ वटा महत्वपूर्ण आयोजनाहरू अहिलेसम्म उपयोगमा आउन सकेका छैनन् । यी आयोजनाहरू सञ्चालनमा ल्याउने तयारीबारे बागमती प्रदेश सरकारका प्रवक्ता तथा आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङसँग हामीले संवाद गरेका छौं ।*



***हेटौंडामा प्रदेश सरकारले निर्माण गरेका शीत भण्डार, पाउडर प्लान्ट, थोक बजार, घरेलु उद्योग प्रदर्शनी केन्द्र र भ्यू टावरजस्ता आधा दर्जनभन्दा बढी महत्वपूर्ण आयोजनाहरू निर्माण सम्पन्न भए पनि सञ्चालनमा आउन सकेका छैनन् । यसले प्रदेशको ठूलो वित्तीय स्रोत खेर गएको छ भन्ने समाचार छ । यी आयोजनाहरूको व्यवस्थापन र सञ्चालनमा सरकारले के योजना बनाएको छ ?***

यो कुरा सत्य हो कि विगतमा निर्माण सम्पन्न भएका यी आयोजनाहरु अलपत्र परेका छन् । विशेष गरेर शीत भण्डार र पाउडर प्लान्ट जस्ता आयोजनाहरुको पूर्ण सञ्चालन हुन सकेको छैन । हाम्रो मन्त्रालयले अहिले ती आयोजनाहरुको यथार्थ तथ्यांक संकलन गर्दैछ । धेरै आयोजनाहरु निर्माण सम्पन्न भए पनि प्राविधिक, व्यवस्थापकीय वा प्रशासनिक कारणले हस्तान्तरण नभएका रहेछन् । कतिपय अधुरा पनि छन् । यसै कारणले, यस वर्षको बजेट निर्माणको क्रममा हामीले यी अधुरा आयोजनालाई पूर्ण रूपमा सम्पन्न गरेर सम्बन्धित निकायमा हस्तान्तरण गर्ने नीति बनाएका छौं । हामी लक्ष्य राखेका छौं कि २०८३ सालभित्र सबै निर्माण सम्पन्न आयोजनाहरु संचालनमा आउन सकून् ।

***के यी आयोजनाहरू निर्माण गर्दा पर्याप्त अध्ययन र आवश्यकता पहिचान गरिएको थियो कि ?***

केही आयोजनाहरु उपयोगिता र सम्भाव्यता अध्ययन नगरिकनै बनाइएका रहेछन् । यसले अहिले हामीलाई समस्या निम्त्याएको छ । उदाहरणको लागि, शीत भण्डारहरु बनाइएका भए पनि तिनीहरुको उचित व्यवस्थापन, स्थानीय सहकार्य र सञ्चालन मोडालिटी तयार नभएपछि सञ्चालनमा ढिलाइ भएको छ । यसपटक हामीले नीति बनाउँदा सम्भाव्यता अध्ययन र आवश्यकता सुनिश्चित नगरी कुनै पनि आयोजनामा लगानी नगर्ने निर्णय गरेका छौं । अब निर्माण हुन लागेको कुनै पनि नयाँ आयोजना स्थापनाको पहिले पूर्ण अध्ययन हुनेछ र त्यसको सञ्चालन, बजेट, मानव संसाधन र लाभप्राप्त वर्गको सुनिश्चितता हुनेछ ।

***शीत भण्डार र पाउडर प्लान्ट जस्ता अर्बौं लगानी भएका आयोजनाहरू अलपत्र हुँदा प्रदेशको लगानी र जनता दुवैलाई नोक्सानी भएको छ । अब सरकारले व्यवस्थापनमा कस्तो कदम चाल्ने छ ?***

अधिकांश शीत भण्डार साझेदारी लगानीमा निर्माण भएका हुन् । स्थानीय तह र सहकारीहरुले आफ्नो प्रतिबद्धता अनुसार लगानी नगर्दा धेरै आयोजना अधुरा रह्यो । अब यदि उनीहरुले लगानी गर्न नसके, हामी वैकल्पिक उपाय खोज्नेछौं । यसको अन्तर्गत, वर्तमान सम्झौतालाई अन्त्य गरेर प्रदेश सरकार पूर्ण रुपमा सञ्चालन गर्न सक्नेछ वा सार्वजनिक-निजी-साझेदारी (एएए) मोडेलमा आयोजना संचालन गर्ने विकल्पमा अध्ययन भइरहेको छ । यसले सुनिश्चित गर्दछ कि प्रदेशको लगानी जथाभावी खेर नजाओस् र लक्षित वर्गले समयमै सुविधा प्राप्त गरोस् ।

***यी आयोजनाहरूमा अनियमितता भएको भन्दै विभिन्न समितिले प्रतिवेदन बुझाएका छन्, तर कार्यान्वयन भएको देखिंदैन । यस विषयमा सरकारको दृष्टिकोण के छ ?***

हरेक समयमा बनेका समितिहरुको प्रतिवेदन हामीसँग छन् । ती प्रतिवेदनहरुको अध्ययन गरेर आवश्यक सुधार र कार्यान्वयन अघि बढाउने तयारी भइरहेको छ । समस्या केवल कृषि क्षेत्रको शीत भण्डारमा मात्रै छैन, पर्यटन क्षेत्रका भ्यू टावर, सामुदायिक भवन र अन्य संरचनाहरुमा पनि छ । उदाहरणको लागि, हेटौंडा उपमहानगर पालिका पछाडि बनाइएको सभाहल भवन हाल हस्तान्तरण नभएको कारण प्रयोगविहीन छ । भविष्यमा यस्ता अव्यवस्थित लगानी नहुने गरी हामी बजेट तर्जुमा निर्देशिका तयार गर्दैछौं । अबदेखि कुनै आयोजना निर्माण गर्नुअघि पूर्ण सम्भाव्यता अध्ययन, उपयोगिता परीक्षण र संचालन मोडालिटी तय हुनेछ ।

***प्रदेशको सडक मापदण्ड पनि परिमार्जन हुने कुरा सुन्नमा आएको छ । यसको अर्थ के हो ?***

पहाडी जिल्लामा हालको मापदण्ड अनुसार दिनमा १०-१२ वटा गाडी गुड्ने सडक २४ मिटर चौडा बनाइन्छ । यसले भू-क्षयको जोखिम बढाएको छ र राज्यको स्रोत अनावश्यक खर्च भइरहेको छ । अब आवश्यकता अनुसार सिंगल लेन वा दुबैलेन सडक बनाउने विषयमा छलफल भइरहेको छ । यसले न केवल स्रोतको बचत गर्छ, तर वातावरणीय जोखिम पनि घटाउँछ ।

***योजना छनोटको बेला सञ्चालन मोडालिटी र बजेट स्पष्ट नहुँदा समस्या भएको हो त ?***


विगतमा बजेट विनियोजन पहिले गरिन्थ्यो र मापदण्ड पछि तय गरिन्थ्यो । यसले धेरै समस्या सिर्जना गरेको छ । अहिले हामी त्यसलाई उल्टाएर अघि बढाउँछौं । पहिला मापदण्ड र सञ्चालन मोडालिटी तय हुन्छ, त्यस पछि मात्र बजेट विनियोजन गरिनेछ । यसले व्यवस्थापन, प्रतिफल र लगानीको प्रभावकारिता सुनिश्चित गर्नेछ ।

***मन्त्रालयहरूबीच समन्वयको अभावका कारण अव्यवस्थित कामहरू भइरहेका छन् । यसलाई कसरी रोक्ने ?***

यो समस्या वास्तविक हो । स्वास्थ्य मन्त्रालय, सामाजिक विकास मन्त्रालय र कृषि मन्त्रालयले आफ्नै तरिकाले भवन निर्माण र सडक बनाउने कार्य गर्दै आएका थिए । अब हामी बजेट तर्जुमा स्पष्ट मापदण्ड ल्याउँदैछौं । प्रत्येक मन्त्रालयको कार्यक्षेत्र र जिम्मेवारी स्पष्ट हुनेछ । आर्थिक मामिला तथा योजना मन्त्रालयले यसको मस्यौदा तयार गरिरहेको छ । यसले प्रदेशका स्रोतको प्रभावकारी उपयोग, अव्यवस्थित लगानी नियन्त्रण र दीर्घकालीन योजना सुनिश्चित गर्नेछ ।

# उदाहरण

## माटोमा बगाइएको पसिनाको फल



पहिले पहिले मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१३, पदमपोखरीमा कोदो र मकै बाहेक अरु बाली हुदैनथ्यो । यहाँको जमिन सुक्खा र बाँझो देखिन्थ्यो । आजको दृश्य भने पूर्णत: फरक छ- हरेक कुनामा हरियाली छ । र, व्यावसायिक खेतीको नमुना बनेको छ । यो परिवर्तनको प्रेरणादायी कथा बोकेका व्यक्तित्व हुन् ३६ वर्षीय फेन्चु लामा रुम्बा ।

फेन्चुले मास्टर डिग्रीसम्मको अध्ययन पूरा गरेपछि सात वर्ष शिक्षकको पेशा अपनाए । सुरक्षित जागिर, निश्चित तलब र सामाजिक प्रतिष्ठा हुँदाहुँदै पनि आफ्नै माटोमा केही गर्ने चाहनाले उनलाई निरन्तर अगाडि बढ्न प्रेरित गरिरहेको थियो । एक्लो छोरा भएकाले देश छोड्ने सोच पनि भएन । अन्ततः, घरको जमिनमा केही गर्नुपर्छ भन्ने दृढ संकल्पले शिक्षकको जागिर छोडे । कृषि यात्राको आरम्भ उन्नत जातको बाख्रा पालनबाट भयो । सुरुमा १०० वटा बाख्रा पालन गरेको भएपनि लागत, मेहनत र जोखिम बढी भएकाले अहिले ५० वटा बाख्रामा सीमित गरे । पशुपालनको अनुभवले उनलाई कृषि क्षेत्रमा धैर्यता, लगनशीलता र निरन्तरताको मूल्य सिकायो ।

करिब आठ वर्ष अघि पशुपालन बाट सुरु भएको यात्रा विस्तारै व्यावसायिक खेतीमा परिणत भयो । फेन्चुले मेवा र ड्रागन फ्रुट खेती रोजे । हाल एक बिगाह जग्गामा ५०० वटा मेवा र करिब ८ हजार ड्रागन फ्रुटका बिरुवा छन् । ड्रागन फ्रुट प्रतिफलमा समय लाग्ने भए पनि दीर्घकालीन आम्दानीका हिसाबले लाभदायक भएको उनी बताउँछन् । एउटै बिरुवा १०-१५ वर्षसम्म फल दिन सक्छ र हाँगा काटेर नयाँ बिरुवा उत्पादन गर्न सकिन्छ, जसले खेती दीर्घकालीन रूपमा सफल बनाउँछ ।

फेन्चुको फार्ममा विभिन्न जातका ड्रागन फ्रुट, सयपत्री फूल, खर्बुजा र अम्बा समेत सिजन अनुसार खेती गरिन्छ । पहिले पानीको अभावले समस्या भएकामा अहिले बोरिङ र सिँचाइ प्रणालीले जमिनलाई हरियाली बनाएको छ । मेहनत र व्यवस्थापनको परिणाम स्वरूप, पहिले कोदो-मकै मात्र फल्ने जमिन आज व्यावसायिक खेतीको उदाहरण बनेको छ ।

फार्ममा अहिले नियमित रूपमा चार जना रोजगारी पाएका छन् र काम बढ्दा थप कामदारसमेत राखिन्छ । कृषिबाट आम्दानी बढ्दै गएपछि फेन्चु आफ्नै गाडीमा हिँड्ने अवस्था पुगे । वार्षिक करिब १० लाख रुपैयाँसम्म बचत गर्दै उनले आर्थिक सुरक्षासहित स्थिर जीवन निर्माण गर्न सफल भएका छन् । उनको अनुभव अनुसार, कृषिमा छिटो कमाइको सोचले काम हुँदैन । मेवा र ड्रागन फ्रुट खेतीमा धैर्यता र निरन्तरता आवश्यक छ । 'काम जे गरिन्छ, त्यसमै निरन्तरता दिनुपर्छ । निरन्तरताले मलाई यहाँसम्म ल्यायो ।' फेन्चु भन्छन् ।

फेन्चु आफ्नो पेशाप्रति गर्व गर्छन् । भविष्यमा यो कृषि पेशा आफ्ना छोराछोरीलाई हस्तान्तरण गर्ने उनको योजना छ । धैर्यता र लगनशीलता भए कृषि रमाइलो बन्ने र त्यसैमा खुशी पाइने उनको विश्वास छ ।

उनको मेहनत राष्ट्रिय स्तरसम्म चिनिएको छ। मकवानपुरबाट छनोट भई २०७९ सालमा राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार, २०८० सालमा हेटौंडा उपमहानगरपालिकाबाट उत्कृष्ट सिर्जनशीलता पुरस्कार, र बागमती प्रदेशबाट उत्कृष्ट उद्यमी पुरस्कार प्राप्त गरी सम्मानित भइसकेका छन् ।

यो सफलतासम्म पुग्न उनले धेरै संघर्ष झेलेका छन् । तर, इज्जत र आर्थिक सन्तुलन मिलाएर जीवनयापन गर्दा सफलता सम्भव हुन्छ भन्ने अनुभव उनीसँग छ । देश छोड्नुभन्दा आफ्नै माटोमा पसिना बगाएर भविष्य निर्माण गर्ने निर्णय फेन्चुका लागि आज पूर्ण सफलतामा परिणत भएको छ ।

मध्यस्थता
Madhyasthata Weekly साप्ताहिक
२०८२ मंसिर ७ गते आइतबार
(23rd Nov., Sunday 2025)

## कृषि

# टमाटर खेती



विश्वभरमा नै टमाटर लोकप्रिय तरकारी हो। यसको माग उच्च भएकाले साना वा ठूला कृषकले यसलाई व्यावसायिक रुपमा खेती गर्न सक्छन्। सही प्रविधि अपनाउँदा टमाटर खेती न केवल आम्दानी स्रोत बन्न सक्छ, तर दैनिक आहारमा पोषक तत्व पनि उपलब्ध गराउन सहयोगी हुन्छ।

**भूमि र मौसमको छनोट**

टमाटर खेतीका लागि मध्यम र उर्वर माटो उपयुक्त हुन्छ। रासायनिक तत्वले भरपूर, राम्रो जलनिकासी भएको माटोले बिरुवा राम्रोसँग विकास हुन्छ। टमाटरलाई हल्का गर्मी र मध्यम चिसो मौसम मनपर्छ। २०–२५ डिग्री सेल्सियस तापक्रम र पर्याप्त सूर्यको उज्यालो यसका लागि उपयुक्त हुन्छ।

**बिउ तयारी र रोपाइ**

उन्नत जातका बीउबाट शुरुवात गर्नु उत्तम हुन्छ। बीउलाई नरम र गहिरो माटोमा रोप्दा बिरुवा बलियो र रोगप्रतिरोधात्मक बन्ने सम्भावना बढ्छ। बीउलाई ६–८ हप्तासम्म गोठभित्र नरम माटो वा सिड ट्रेमा अंकुरित गरिन्छ। अंकुरणपछि बिरुवा १५–२० सेन्टिमिटर उचाइमा पुग्दा खेतमा रोपाइँ गर्न सकिन्छ। रोपाइँ गर्दा बिरुवाबीच ५०–६० सेन्टिमिटर दूरी राख्ने र पङ्क्तिबीच ७०–८० सेन्टिमिटर दूरीमा रोप्नु उत्तम हुन्छ।

**सिंचाइ र मल व्यवस्थापन**

टमाटरको लागि नियमित पानी आवश्यक छ। विशेष गरी फल लाग्ने समयमा पानी अभावले उत्पादन घटाउँछ। ड्रिप सिँचाइ प्रणाली अपनाउँदा पानी बचत र बिरुवाको विकास दुवै सुनिश्चित हुन्छ। मल व्यवस्थापनमा कम्पोस्ट वा गोबर मल प्रयोगले माटो उर्वर बनाउँछ। नाइट्रोजन, फस्फोरस, पोटासियमको सन्तुलित मात्रा दिनु आवश्यक छ।

**रोग र कीरा नियन्त्रण**

टमाटरमा रोग र कीरा प्रायः देखिन्छन्। भुट्टेको माटो, फफुंदी, हल्का कीरा तथा फुल फुट्ने समस्या सामान्य छन्। जैविक उपचार (जस्तै नीमको तेल, बायोफंगल स्प्रे) र समयमै रासायनिक औषधि प्रयोगले बिरुवा सुरक्षित राख्न सकिन्छ। खेत सफा राख्नु र बिरुवाको राम्रो हावा पहुँच सुनिश्चित गर्नु रोग कम गर्न मद्दत गर्छ।

**फसल व्यवस्थापन र कटनी**

फल पक्न सुरू भएपछि नियमित रुपमा फल टिप्ने बानीले बिरुवा बढी उत्पादन दिन्छ। टमाटरलाई प्रत्येक रोपमा पर्याप्त हावा र सूर्यको उज्यालो पुग्ने व्यवस्था गर्नु आवश्यक छ। समर्थनका लागि लठ्ठी वा ट्रीलिस प्रणाली प्रयोग गर्दा फल र बिरुवा दुवै सुरक्षित रहन्छ।

**आम्दानी र बजार व्यवस्थापन**

टमाटर छोटो अवधिमा फल दिने तरकारी भएकाले लगानी चाँडै फिर्ता हुन्छ। बजार नजिकको किसान हरु वा खुद्रा बजारमा बिक्री गर्न सकिन्छ। सिजन अनुसार टमाटरको मूल्य फरक पर्न सक्छ, त्यसैले बजार अनुगमन गर्नु र उपयुक्त समयमा बिक्री गर्नु लाभदायक हुन्छ। सही प्रविधि र लगनशीलतासाथ टमाटर खेती गर्दा कृषकलाई स्थायी आम्दानी र राम्रो जीवन स्तर प्राप्त गर्न सकिन्छ। नियमित निगरानी, रोग नियन्त्रण, पानी र मल व्यवस्थापनले फसलको गुणस्तर र उत्पादन दुवै सुनिश्चित गर्छ। कृषकहरुले आधुनिक प्रविधि अपनाएर आफ्नो जमिनलाई उर्वर र लाभदायक बनाउन सक्छन्।

## शैली

# अल्छिपन हटाउने सूत्र



अल्छिपन जीवनको सामान्य समस्या हो, जसले समयको सदुपयोगमा बाधा पुर्‍याउँछ र व्यक्तिगत तथा पेशागत उपलब्धिमा असर पार्छ। यसबाट मुक्त हुनको लागि सबैभन्दा पहिला आफ्नो दिनचर्या र मानसिक तयारीलाई व्यवस्थित गर्नुपर्छ। बिहान उठ्ने समय निश्चित गरी सधैं एकै समयमा उठ्ने बानी बसाल्नाले शरीर र मस्तिष्क दुवै सक्रिय रहन्छ। यसका साथै सुत्ने समय पनि नियमित राख्नु आवश्यक छ, जसले पर्याप्त र गुणस्तरीय निद्रा सुनिश्चित गर्छ।

शारीरिक गतिविधि र व्यायाम अल्छिपन हटाउने उत्कृष्ट उपाय हुन्। बिहान वा दिउँसो हल्का दौड, हिँडाइ, योग वा स्ट्रेचिङ जस्ता अभ्यासले शरीरमा ऊर्जा थप्छ र मस्तिष्क सक्रिय हुन्छ। स्वास्थ्यकर खाना र पर्याप्त पानी सेवनले पनि शरीरलाई ऊर्जावान राख्छ, जसले सुस्त मन र अल्छिपन हटाउन सहयोग पुर्‍याउँछ।

मनलाई सक्रिय राख्न दैनिक रुपमा कामको सानो लक्ष्य निर्धारण गर्नु उपयोगी हुन्छ। एकैपटक धेरै काम गर्ने प्रयासले मानसिक थकान बढाउँछ, जसले अल्छिपन बढाउँछ। त्यसैले प्राथमिकता अनुसार काम विभाजन गरी क्रमशः सम्पन्न गर्ने बानी बसाल्नुपर्छ। ध्यान, सास प्रश्वास अभ्यास वा हल्का ध्यानसम्बन्धी अभ्यासले पनि मनलाई केन्द्रित राख्छ र सुस्तपन कम गर्छ।


अल्छिपनलाई हटाउन वातावरणको भूमिका पनि महत्त्वपूर्ण हुन्छ। काम गर्ने ठाउँ सफा, उज्यालो र व्यवस्थित राख्नाले मानसिक रुपमा सक्रिय रहन सहयोग पुग्छ। मोबाइल, टीभी वा सामाजिक सञ्जाल जस्ता विचलन कम गर्नु आवश्यक छ, किनभने यीले ध्यान विक्षिप्त पार्छन् र सुस्ती बढाउँछन्।

सकारात्मक सोच र आत्मप्रेरणा पनि अल्छिपन हटाउन महत्वपूर्ण हुन्छ। आफ्नो उपलब्धि र प्रगतिको समीक्षा गर्दै दैनिक रुपमा प्रोत्साहन दिनुले मानसिक ऊर्जा बढाउँछ र काममा सक्रिय रहन प्रेरित गर्छ।

यसरी मानसिक, शारीरिक र वातावरणीय व्यवस्थापन मिलाएमा अल्छिपन स्वतः घट्छ र जीवन थप उत्पादक, सक्रिय र सन्तुलित हुन्छ।

## प्रविधि

# नेपाली लेख्न सजिलो हुने वेभसाइट



नेपाली भाषामा लेख्ने, पढ्ने र रूपान्तरण गर्ने सबैका लागि नयाँ डिजिटल संसारको प्रवेशद्वारको रूपमा सञ्चार गृह डटकम सार्वजनिक भएको छ। यो वेब प्लेटफर्मले प्रयोगकर्तालाई सहज रूपमा प्रीति फन्टलाई युनिकोडमा र युनिकोडलाई प्रीति फन्टमा रूपान्तरण गर्ने सुविधा उपलब्ध गराउँछ। रोमनाइज्ड नेपाली लेख्ने र त्यसलाई नेपाली लिपिमा परिणत गर्ने सुविधा पनि यसमा समावेश छ। यसले लेखन कार्य अझ सरल र द्रुत बनाउँने विश्वास लिइएको छ।

विकासकर्ताका अनुसार अरू कनभर्टर भन्दा फरक बनाउन युजर एक्सपिरियन्स र इन्टरफेसमा विशेष ध्यान दिइएको छ। यस प्लेटफर्मका फन्ट कनभर्टरलाई कुनै पनि वेबसाइट वा डिजिटल माध्यममा निःशुल्क प्रयोग गर्न सकिन्छ, जसले समाचार सम्पादन, पुस्तक प्रकाशन, अनुवाद तथा अनुसन्धानजस्ता कार्यमा समय र श्रम दुवै बचाउनेछ।

सञ्चारगृहका प्रमुख शम्भु ढुंगानाले पत्रकार, सम्पादक, अनुवादक र प्रकाशन गृहका लागि यो प्लेटफर्म अत्यन्त उपयोगी हुने बताएका छन्। धेरै समय लाग्ने प्रीति-युनिकोड रूपान्तरण अब सजिलै र छिटो सम्पन्न गर्न सकिने विकासकर्ताको दाबी छ।

यो प्लेटफर्म मोबाइलमैत्री पनि बनाइएको छ। निकट भविष्यमा स्पेल चेकर, व्याकरण सुझाव, प्रत्यक्ष नेपाली टाइपिङ टुल र बहुभाषिक कनभर्टर जस्ता सुविधा थप गर्ने योजनाले यसलाई अझ प्रभावकारी र व्यावहारिक बनाउने बताइएको छ। डिजिटल युगमा नेपाली लेखन लाई द्रुत, सरल र आधुनिक बनाउने लक्ष्यसँग यो प्लेटफर्म एक उदाहरणीय उपकरण बन्ने आशा गरिएको छ।

## स्वास्थ्य

# जाडोमा बच्चाको सुरक्षा



जाडो मौसममा वातावरण चिसो, सुख्खा र स्वास्थ्यका लागि चुनौतीपूर्ण हुन्छ। विशेषगरी शिशु र साना बच्चाहरु यस समयमा बढी जोखिममा पर्छन्, किनभने उनीहरुको रोग प्रतिरोधात्मक क्षमता पूर्ण रुपमा विकास भइसकेको हुँदैन। रुघाखोकी, निमोनिया, ज्वरो, छालाको समस्या जस्ता विभिन्न रोगले सजिलै असर पुर्‍याउन सक्छन्। यसैले अभिभावकले बच्चालाई न्यानो, सुरक्षित र स्वस्थ राख्न विशेष ध्यान दिनु आवश्यक छ।

सबैभन्दा पहिला, बच्चालाई न्यानो कपडा लगाउने कुरा महत्वपूर्ण हुन्छ। एकैचोटि धेरै बाक्लो कपडा लगाउनुको सट्टा तहतहमा कपडा लगाउनु राम्रो हुन्छ। यसले शरीरको तापक्रम सन्तुलित राख्न मद्दत गर्छ। ऊन वा नरम कपडा, टोपी, कान ढाक्ने क्याप, मोजा र पञ्जा अनिवार्य छन्। टाउको र खुट्टा राम्रोसँग ढाकिएको हुनुपर्छ, नभए बच्चालाई चिसो चाँडै लाग्न सक्छ।

बच्चा बस्ने कोठा हावाहुरी नछिर्ने, सफा र न्यानो हुनुपर्छ। झ्यालढोका राम्रोसँग बन्द गरी चिसो हावा प्रवेश नदिनु पर्छ। यदि तताउने साधन प्रयोग गरिँदैछ भने अत्यधिक तातो नबनाई सन्तुलित तापकम कायम राख्नु जरुरी छ। कोठामा धुलो वा धुवाँ जम्न नदिनु पनि आवश्यक छ, किनभने यसले श्वासप्रश्वासमा समस्या ल्याउन सक्छ।

नुहाउने कममा पनि ध्यान आवश्यक छ। बिहान चिसो बेला वा धेरै चिसो पानीले नुहाउनु ठीक हुँदैन। हल्का न्यानो पानी प्रयोग गरी छोटो समयमा नुहाइदिनु उपयुक्त हुन्छ। नुहाएपछि तुरुन्तै शरीर पुछेर न्यानो कपडा लगाइदिनु अत्यावश्यक छ।

जाडोमा हावा सुख्खा हुने भएकाले बच्चाको छाला पनि सुख्खा, चिलाउने वा फुट्ने समस्या देखिन सक्छ। यसबाट बच्न नियमित रुपमा छालामा बेबी लोशन, नरम तेल वा मोइस्चराइजर लगाउनु पर्छ। नुहाइसकेपछि वा सुत्नुअघि हल्का मालिस गर्दा छाला नरम रहन्छ र रक्तसञ्चार पनि राम्रो हुन्छ।

नवजात शिशुका लागि आमाको दूध सर्वोत्तम आहार हो। यसले आवश्यक पोषणका साथै रोगसँग लड्ने शक्ति पनि दिन्छ। ठूला बच्चालाई जाडोमा न्यानो, पोषणयुक्त खाना दिनु पर्छ–दलिया, खिचडी, सुप, सागसब्जी, दूध र फलफूल उपयुक्त हुन्छ। धेरै चिसो खानेकुरा वा फ्रिजमा राखिएको सामान बच्चालाई दिनु हुँदैन।

रुघाखोकी र निमोनियाबाट बच्न बच्चालाई चिसो हावा, धुलो र धुवाँबाट टाढा राख्नु पर्छ। रुघाखोकी लागेको व्यक्तिसँग सम्पर्क कम गर्नु लाभदायक हुन्छ। बाहिर लैजाँदा मुख र नाक ढाक्ने व्यवस्था गर्नु उपयोगी हुन्छ। यदि ज्वरो आएमा बेवास्ता नगर्नु पर्छ। ज्वरो कहिलेकाहीं गम्भीर रोगको संकेत हुन सक्छ। घरेलु उपायमा सीमित नरहँदै चिकित्सकको सल्लाह लिनु आवश्यक हुन्छ। समयमै उपचार गरेमा ठूलो समस्या हुनबाट बचाउन सकिन्छ।

सरसफाइमा ध्यान दिनु पनि अत्यावश्यक छ। बच्चाको हात, मुख र प्रयोग हुने सामग्री सफा राख्नु पर्छ। नियमित रुपमा साबुन र पानीले हात धुन सिकाउँदा संक्रमण कम हुन्छ।

जाडो मौसममा बिहानको हल्का घाम बच्चाका लागि धेरै फाइदाजनक हुन्छ। घामले शरीर न्यानो राख्न र भिटामिन डि प्रदान गर्छ, जसले हड्डी बलियो बनाउँछ। तर धेरै चिसो हावा चलेको बेला बाहिर लैजानु हुँदैन।

सुत्ने बेला बच्चाको ओछ्यान सफा, सुख्खा र न्यानो हुनु आवश्यक छ। ओढ्ने सामग्री पर्याप्त मात्रामा राख्ने तर बच्चाको मुख नछोपिने खालको व्यवस्था गर्नु पर्छ। नवजात शिशुका लागि अत्यधिक ओढ्ने वा तकिया प्रयोग गर्नु सुरक्षित हुँदैन। यसरी, जाडो मौसममा बच्चाको न्यानोपन, पोषण, सरसफाइ र सुरक्षा सुनिश्चित गर्दा उनीहरु रोगमुक्त, स्वस्थ र सन्तुलित विकासको मार्गमा रहन्छन्।

# भैरव : मेरो स्मृतिमा

**कालीप्रसाल रिजाल**

भैरव अर्यालसित मेरो भेट कुनै गोष्ठीमा भएको थियो । मैले त्यसबेला कुन कविता सुनाएको थिएँ यसै भन्न सक्दिनँ । तर भैरवले प्रफुल्ल भएर बधाई दिएको भने म सम्झन्छु । त्यस्तो हास्यव्यङ्ग्य लेख्ने व्यक्ति हँसिलो, जिस्किरहनु पर्ने चट्पटे स्वभावको होला भन्ने मेरो अनुमान थियो । तर वास्तविकतामा मैले भैरवलाई केही बढी नै गम्भीर, शान्त र उदास पाएँ ! सबैलाई पेट मिचिमिची हँसाउने व्यक्ति आफूचाहिँ धेरै कम हाँस्ने मैले पाएँ । उनको जीवनशैली एकदमै सामान्य थियो । सधैँ त्यही कोट, दौरासुरुवाल र टोपीमा हुन्थे भैरव । जागिरको सिलसिलामा काठमाडौँ बस्न पर्ने भएपछि हाम्रो भेटघाट बाक्लियो । घनिष्ठता बढ्यो । तिनताका काठमाडौँको जागिरले घरबहाल तिरेर केटाकेटी पढाइसहित ५।६ जनाको परिवार धान्न निकै मुस्किल थियो । जिल्लामा बस्नेलाई क्वार्टर पाइने भएकोले त्यति सारो समस्या हुँदैनथ्यो । मेरो समस्या बुझेर होला एकदिन भैरवले रचना बराबर पठाइरहन आग्रह गरे । गोरखापत्र र मधुपर्कमा मेरा रचनाहरू छापिन थाले । यसबाट प्राप्त हुने पारिश्रमिकले पनि त्यसबेला मेरो काठमाडौँ बसाइलाई निकै सहज बनाएको थियो । आफूबाहेक अर्को लेखकको समस्याप्रति पनि उत्तिकै संवेदनशील हुने  बिरलै व्यक्तिमा भैरवको नाम समावेश गर्न सकिन्छ । भैरव स्वयम् आर्थिक कठिनाहरूमा बाँचिरहेका थिए तर अरूलाई पनि सकेको मद्दत गर्न उद्दत रहन्थे ।

रक्सी र चुरोट भैरवको कमजोरी थियो । उनको कुनै ब्रान्ड थिएन । जुनबेला जे भेटिन्थ्यो त्यही खान्थे । उनी मसिनो स्वरमा बोल्थे । उनीसित मैले केही साँझ बिताएको छु । रक्सी खाएपछि उनको स्वर झन् मसिनो हुन्थ्यो । उनी झन् गम्भीर झन् शान्त देखिन्थे । अक्सर रक्सी खाएपछि मान्छेहरू आफ्नो कुरा धेरै राख्न खोज्छन् । भैरव भने रक्सी खाएपछि आफू कम बोल्ने अरूको धेरै सुन्ने गरेको मैले अनुभव गरेँ ।

जागिरे जीवनभरि नै मैले दुइटा व्यक्ति भएर बाँच्न पऱ्यो । एउटा लेखक कवि अर्को कर्मचारी । यी दुई व्यक्तिबीच बराबर द्वन्द्व चलिरहन्थ्यो । कहिले कर्मचारीले लेख्न नहुने आक्रोश र विद्रोह लेख्न पुग्थे । कहिले आफ्नो लेखकीय स्वरलाई दबाएर जागिर जोगाउने उपक्रममा सम्झौता लेख्न पुग्थे । मेरा कतिपय रचनाहरूलाई भैरवले मिलाएर छापिदिनुभएको छ । एउटा प्रसङ्ग उल्लेख गरौँ । मैले त्यसबेला एउटा कविता लेखेँ (सेतो पाना मेरो कविता) । पत्रिकामा त्यो कविता छाप्न सकिएन । तर मेरो पुस्तकमा त्यो कविता म राख्न चाहन्थेँ र राखेँ । पञ्चायतकालमा त्यो कविता निकै आपत्तिजनक हुनसक्थ्यो । भैरवकै सल्लाहअनुसार कविताको तल्लो भागमा “निरङ्कुश कल्पना” भन्ने टिपणी राखेर मैले त्यो कवितालाई “रिजालका केही कविता” नामक पुस्तकमा समावेश गरे । सायद त्यही टिप्पणीले गर्दा मैले कुनै कारबाही झेल्नु परेन । आज पनि भैरवको हास्यव्यङ्ग्य पढेर धेरैले मनोरञ्जन गर्छन् । हाँस्छन् । तर भैरवले ती सबै रचनाहरू दु:ख कष्ट र अभावमा लेखेको कुरा धेरै कमलाई थाहा होला । लेखकबाट समाजले धेरै अपेक्षा राख्ने गर्छ । राम्राराम्रा रचनाहरूको माग गर्दछ । तर लेखकको व्यक्तिगत जीवनका समस्याहरूप्रति भने समाजले जहिले पनि कमभन्दा कम सरोकार राख्ने गर्दछ । भैरव अर्यालप्रति पनि हामीले यस्तै व्यवहार गरेको देखिन्छ ।

भैरवको मृत्युको समाचार पाएपछि म दौडँदै त्यहाँ पुगेँ । तर मैले भैरवको अनुहार हेर्न सकिनँ । दसैँको चहलपहल भैरहेको बेलामा भैरवको मनमा जीवनप्रति यस्तो भयङ्कर वितृष्णा किन उत्पन्न भयो ? माथि पहरोबाट हामफालेर भैरवले किन आत्महत्या गऱ्यो ? यो प्रश्न अनुत्तरित छ । धेरै कुरा थाहा पाएर पनि हामी अनभिज्ञ छौँ । खोलामा खास पानी थिएन ऊ पानीमा डुबेर होइन ढुङ्गामा बजारिएर मऱ्यो । भैरवका शरीरभरि जीवन र मृत्युका चोटहरू थिए । रातभरि पानीमा ढाडिएकोले शरीर फुलेको थियो । मैले परबाट हेर्दा यति नै देखेँ । दिनभरि मेरो आँखासामु त्यही चित्र आइरह्यो । त्यही वीभत्स दृश्यले मलाई बारम्बार चिथोरिरह्यो । मैले त्यही छट्पटिमा “भैरवको मृत्युमा” नामक कविता लेखेँ । मैले त्यो कवितालाई दोहोऱ्याएर परिमार्जन गर्न पनि चाहिनँ । जस्ताको तस्तै छपाएँ । चाबहिलस्थित पशुपति विद्यालयको प्राङ्गणमा आयोजित श्रद्धाञ्जलि सभामा मैले त्यो कविता पहिलोपल्ट सुनाएँ । अगाडि कुर्सीमा बसेका वासुशशि तथा वरिष्ठ समालोचक कुमारबहादुर जोशी रुमालले मुख छोपेर भक्कानो छाडिरहेको मैले देखेँ । मलाई स्वयम्  पनि त्यो कविता पूरा सुनाउन गाह्रो भैरहेको थियो । भैरव अर्याललाई म एउटा राम्रो लेखकका रूपमा मात्र होइन एउटा राम्रो व्यक्तिका रूपमा पनि सम्झिरहन्छु । असल व्यक्ति भएरै होला उसले जीवनपर्यन्त दु:ख र कष्टमा बाँच्नु पऱ्यो र अन्तत: पीडादायक मृत्युवरण गर्न पऱ्यो । ईश्वरले उनको आत्मालाई चिर शान्ति प्रदान गरून् । श्रद्धाञ्जलिका यिनै शब्दका साथ यो संस्मरणलाई यही टुङ्ग्याउँछु ।

*कालीप्रसाद रिजालले माथि उल्लेख गर्नुभएको "भैरवको मृत्युमा" भन्ने कविता उनको कवितासङ्ग्रह **'के छ र जिन्दगी बिताइदिन्छु'** बाट यहाँ उल्लेख गरेका छौँ–*

भैरवको सानी छोरीले बुझी-
उसको बाबा देउताको घर गयो
अखबारहरूले भने-
भैरवको निधन भयो
कसैले सुनायो-
भैरवले आत्महत्या गऱ्यो
शोकसभामा केहीको उद्गार थियो
भैरव मरेर अमर भयो
सत्य हो मृत्युलाई छकाएर
भैरव आफैँ मऱ्यो
कसैको सिन्दुर पुछियो, चुरा फुट्यो
काख हरियो कसैको, जहाज डुब्यो
वर्तमान भत्किएर भविष्यमा पहिरो गयो
कसैको पीँपीँ खसेर फुट्यो
आँखाबाट कसैको सहस्र पोते चुँडियो
दिनमा आगो लागेर रात भरभराउँदो तारा भयो

जिन्दगीबाट हामफालेर भैरव मऱ्यो
कसैको कोठो रित्तो भयो, बाटैमा दियो निभ्यो
हामीलाई हाँसो दिँदादिँदा
भैरव आँसुमा डुबेर मऱ्यो
मरिमरी बाँच्नेहरूको लागि
तीखो व्यङ्ग्य प्रहार गऱ्यो
दसैँ भएकोले समाचारको साह्रै खाँचो थियो
त्यसैले आफैँ समाचार भएर भैरव मऱ्यो

भन्छन् मृत्यु महाबलि हुन्छ
तर भैरवले त मृत्युलाई पनि मारेर मऱ्यो
उसको फुलेको मुख
उछिट्टिएको खुट्टा
फुस्किएको डँडाल्नो, फुटेको खप्पर
फिस्स हाँसेको ओठ, भिजेको परेला
ढाडिएको भुँडी, भाँचिएको हात
फुटेको आँखा र टोकिएको जिब्रो
आजको मानिसको व्यङ्ग्यचित्रजस्तो थियो
भैरवको अन्तिम कृति सायद उसैको मृत्यु हो

छ-छवटा सन्तान जन्माएपछि
उसले आफैँलाई मारेर परिवारनियोजन गऱ्यो
*गोरखापत्र* र जीवनबाट एकैचोटि राजीनामा गऱ्यो
सितासिता मर्नुभन्दा एकै गाँस मऱ्यो
मरेपछि उसको खुबै गुनगान भयो
शोकसभा भयो, श्रद्धाञ्जलि भयो
बाँचुन्जेल घोचपेच गरेर अशान्ति दिनेहरूले पनि
मरेको भैरवको चिरशान्तिको कामना गरे
भैरवको खेदो गर्नेहरूले पनि
आँखा भिजाएर रुन्चे स्वरमा उसको स्मरण कहे
एकमिनेट मौन भयो, उसको फोटो छापियो
कुर्सीमाथि होइन टेबुलमाथि भैरवको तस्बिर राखियो
झुत्रे गलबन्दी नपाउँने भैरवले त्यो दिन त माला लगाउन पायो
भोको  भैरवले त्यो दिन खानसम्म समवेदना खायो

ठुटो आशा चुरोटको भरमा बौद्धिकता छाँट्ने
आफ्नै कलेजोसित नौसादर रक्सी धोक्ने
हरेक महिना चिठ्ठा किनेर आसैआसमा बाँच्ने
उग्लिएको अनुहार लिएर डिच्च हाँस्ने
हाम्रो भैरव त लाछी थियो
केही गर्न नसकेर व्यङ्ग्य गर्थ्यो
कोठामा तथानाम कुर्लिन्थ्यो
बाहिर उसैलाई निहुरिएर नमस्कार गर्थ्यो
फटाहा एक पत्र रुन्थ्यो, एकपत्र हाँस्थ्यो
घिचुवा भक्ष अभक्ष सबै भकुर्थ्यो
भैरवलाई महान् भनेको सुन्दा मलाई त अचम्मै भयो
अर्को भैरवको शोकसभामा पुगेछु कि जस्तो भयो
भैरव त चोर हो
सबै निदाएको बेला सुटुक्क आफ्नो मृत्युको चोरी गऱ्यो
विश्वासघाती स्वार्थी हो
भन्दै नभनी एक्लै आफूमात्र मऱ्यो
हामी पनि मृत्युतिर हिँडिरहकै छौँ

झेलाले दौडिएर पहिला भयो
जिन्दगी जाकडी राखेर बाँचुन्जेल उधारो खायो

*बाँकी पृष्ठ ६ मा...*

## सताको सिर्जना

**कविता :**

### बलात्कार

**• प्रतिमा पाठक**

*सुनेर हर नयाँ समाचारमा*
*उही महिला हिंसा र बलात्कारका घटना*
*काममा निस्कन लागेकी छोरीलाई*
*सम्झाउँदै हुन्छिन् आमा-*
*“छोरी चाँडै फर्कनू है घर*
*हरपल लाग्न थालेको छ डर !”*

*टेकेर हर नयाँ बाटोमा*
*उही पुरानै काँडाहरू,*
*दुखेकी छोरी दिन्छे जवाफ-*
*“आमा ! सुरक्षित होलान् छोरीहरू बढी*
*रेड लाइट एरियाका वेश्यालयमा !!!”*

*पन्छ्याएर आमाका स्वभाविक-अस्वभाविक डरहरू*
*जब पुग्छे ऊ*
*कार्यालयको चिया गफमा*
*भिराइन्छे नारीवादी हुनुको तक्मा*
*र सुनाइन्छे नारीले घोक्नुपर्ने संस्कारका पुराणहरू !*
*त्यहाँ पनि ऊ पोख्छे आक्रोश-*
*“जहाँ वस्त्र छ, त्यहीँ त डर छ नाङ्गिनुको !”*

*देखेर मन्दिरका टुँडालहरूमा ...*
*“पोर्न स्टार” बनाइएका देवीहरू*
*आँखा तर्दै ऊ फर्कन्छे*
*र एकान्त एनामा देख्छे आफूलाई*
*फगत एक मान्छे !*
*उसले देखेकी छ -*
*बुर्काभित्र जिन्दगीलाई*
*‘अँध्यारो’ बाँचेका हसीनाहरू, सल्माहरू*
*पर्खालको बुर्काभित्र*
*बलात्कृत हुन्छन् हर रात !!!*
*र धिक्कारिरहन्छन् आफ्नो भाग्यलाई*
*दोषीको कैदभित्र !!*

*अचेल,*
*सपनामा जब उसको मृत्यु हुन्छ*
*ऊ गाडिन चाहन्न ...*
*बरु जलाइन चाहन्छे*
*किनकि हुन सक्छ उसको*
*कङ्कालको पनि बलात्कार ...*
*असभ्य चिहानको आरोपमा !*

*र त्यत्तिकैमा आइपुग्छन् ‘सिवा हासमी’हरू*
*र रोकिदिन्छन्*
*जलाइनु हुन्न हामीलाई ! जलाइनु हुन्न !*
*ऊ फेरि इच्छा गर्छे*
*आमाको गर्भभित्रै लुक्ने*
*तर चिच्याउँछन् गर्भमै तुहाइएका छोरीहरू-*
*गर्भमा पठाइनु हुन्न हामीलाई ... गर्भमा पठाइनु हुन्न !*
*(अचेल ऊ अलग उपाय सोच्न थालेकी छ !)*

मध्यस्थता
Madhyasthata Weekly साप्ताहिक

२०८२ मंसिर ७ गते आइतबार
(23rd Nov., Sunday 2025)

# सडकका संरचना हटाउन अल्टिमेटम

मध्यस्थता

मकवानपुरको हेटौँडा उपमहानगरपालिका क्षेत्रभित्र पर्ने महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको सडक सीमा केन्द्र रेखादेखि दायाँ–बायाँ २५–२५ गजभित्र बनेका सबै स्थायी तथा अस्थायी घरटहरा र संरचना हटाउन सरकारले १५ दिने अल्टिमेटम जारी गरेको छ।

सडक डिभिजन कार्यालय हेटौँडाले शुक्रबार सार्वजनिक सूचना प्रकाशित गर्दै रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म र बुद्धचोकदेखि सामरी पुलसम्मको सडक क्षेत्रभित्रका सबै घरटहरा, संरचना र अन्य अतिक्रमण हटाउन आदेश दिएको हो।

सडक डिभिजनका अधिकारी हरूले भने, यसअघि पनि घरटहरा हटाउन दुई वर्षअघि सूचना जारी गरिएको थियो, तर घरधनीहरूले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेपछि कार्यान्वयन रोकिएको थियो। विगतमा सडक डिभिजनले पटक–पटक सडक विस्तारका लागि सूचना निकालेको भए पनि मकवानपुर उद्योग वाणिज्य संघको नेतृत्वमा त्यसको लगातार विरोध हुँदै आएको छ। असार २०७६ मा तत्कालीन सूचना कार्यान्वयनका क्रममा १ नम्बर वडामा सरकारी निकायले सडक क्षेत्र खाली




गराए पछि राप्ती रोडमा स्थानीय र प्रहरी बीच झडपसमेत भएको थियो।

सडक डिभिजनले सार्वजनिक गरेको सूचनामा सर्वोच्च अदालतको आदेशलाई सम्झाउँदै अतिक्रमित संरचना हटाउन १५ दिने अल्टिमेटम दिएको स्पष्ट गरिएको छ। सर्वोच्च अदालतको २०७८ पुस १९ गतेको आदेश लगायत अन्य मितिका उत्प्रेषण आदेशअनुसार रातोमाटे देखि बुद्धचोक हुँदै राप्ती पुलसम्म र बुद्धचोकदेखि सामरी पुलसम्म सडक केन्द्रबाट २५–२५ गजको क्षेत्रमा बनेका अतिक्रमित संरचना हरूको कुनै क्षतिपूर्ति नदिइने फैसला भइसकेको छ।

सडक डिभिजनले स्पष्ट पारेको छ कि २०८० असार १० मा सडक सीमा अतिक्रमण हटाउन प्रकाशित सूचना विरूद्ध दायर रिट निवेदन पनि सर्वोच्च अदालतबाट खारेज भइसकेको छ। यसै आधारमा रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म र बुद्धचोकदेखि सामरी पुलसम्म सडक सीमा २५–२५ गजभित्र रहेका सबै स्थायी, अस्थायी घरटहरा र संरचनाहरू १५ दिनभित्र हटाउन सार्वजनिक गरिएको नयाँ सूचना लागू हुने छ।

विगतदेखि सडक डिभिजनले लगातार सूचना जारी गर्दै आएको भए पनि अदालतमा मुद्दा परिहाल्दा सडक विस्तारमा ढिलाइ हुँदै आएको थियो। १५ भदौ २०६९ मा पनि २५ मिटर चौडाइको सडकमा अतिक्रमित संरचना हटाउन १५ दिने सूचना जारी भएको थियो, तर सो विरूद्ध दायर रिटमा सर्वोच्च अदालतले ६ कात्तिक २०७६ मा परमादेश जारी गर्दै अतिक्रमित संरचना हटाउन आदेश दिएको थियो।

सर्वोच्च अदालतले २०३४ पछि निर्माण भएका २५ मिटरभित्रका कुनै पनि संरचना भत्काउँदा सरकारले क्षतिपूर्ति नदिनु पर्ने, भने २०२१ देखि २०३४ बीच निर्माण भएका संरचना भत्काउँदा मात्र ७ फिट जग्गामा क्षतिपूर्ति दिने निर्णय समेत स्पष्ट पारेको छ।

सूचनामा उल्लेख छ कि तोकिएको समयभित्र अतिक्रमित संरचना हटाएनन् भने सडक डिभिजनले ती संरचनाहरू हटाउनेछ र सोबाट लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट सार्वजनिक सडक ऐन, २०३१ र अन्य प्रचलित कानुन बमोजिम असुल गरिनेछ। सडक डिभिजनले महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको सडक सीमा केन्द्र रेखादेखि दायाँ–बायाँ २५–२५ मिटर कायम गरिएको बताएको छ। यस सीमा भित्र कुनै पनि व्यक्ति सार्वजनिक सडकसँग जोडिने प्रवेश मार्ग बनाउन, सडक सीमाभित्र खाडल वा कुलो खन्न, किला, लट्ठा, तगारो गाड्न, घर टहरा वा छाप्रो निर्माण गर्न वा अन्य कुनै कार्य गर्न पाउँदैनन्, जसको उल्लङ्घन सार्वजनिक सडक ऐन, २०३१ ले निषेध गरेको छ।

# कर्रा खोलामा भुरा छाडियो



मध्यस्थता

विश्व मत्स्य दिवसको अवसरमा हेटौँडास्थित मत्स्य प्रवर्द्धन संरक्षण केन्द्रले कर्रा खोलामा ठूलो मात्रामा माछाको भुरा छाडेको छ।

कर्रा खोलामा गरदी जातका ३० हजार माछाका भुरा छाडिएको यो कार्यक्रममा हेटौँडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामाले माछा पौष्टिक तत्व र स्वास्थ्यका लागि महत्वपूर्ण भएको उल्लेख गर्दै माछा सबैको भान्छामा आवश्यक रहेको बताइन्। उनले खोलालाई प्रदुषण मुक्त राख्नुपर्नेमा जोड दिँदै करेन्ट लगाएर, विषादी हालेर वा अन्य अवैध तरिकाले माछा मार्ने कामलाई रोक्न पनि सबैमा अनुरोध गरे।

मत्स्य प्रवर्द्धन संरक्षण केन्द्र हेटौँडाका प्रमुख सरोजकुमार यादवले केन्द्रले माछापालनलाई प्रोत्साहित गर्दै आएको जानकारी दिए। उनले बताए अनुसार केन्द्रले उत्पादन गरेको माछाको भुरा स्थानीय किसान र भारतका माछापालकले समेत खरिद गर्ने गरेका छन्। हेटौँडा–५ पिप्ले क्षेत्रमा २०२४ सालदेखि माछापालनको विकासको लागि दुई दर्जन पोखरी निर्माण गरिएको थियो। यसरी छाडिएको माछाले कर्रा खोलामा जैविक विविधता बढाउने, जलचर प्रजातिहरूको संरक्षण सुनिश्चित गर्ने र स्थानीय माछापालन व्यवसायलाई सुदृढ गर्ने अपेक्षा गरिएको छ।

कार्यक्रमको उद्देश्य माछापालनको महत्व र माछा संरक्षण बारे स्थानीयवासीलाई सचेत बनाउनुका साथै जलस्रोतको सतत् संरक्षण सुनिश्चित गर्नु रहेको छ। मेयर लामाले समुदायलाई माछा पालनको प्रवर्द्धन, खोलाको संरक्षण र प्रदूषण न्यूनीकरणमा सहभागी हुन आग्रह गरिन्। केन्द्रले यस किसिमका कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्दै माछापालनको दक्षता बढाउने र स्थानीय तथा अन्तर्राष्ट्रिय माछापालकको माग पूरा गर्ने रणनीति अपनाउँदै आएको छ। कार्यक्रमले स्थानीयवासी, माछापालक र सम्बन्धित निकाय बीच सहकार्य बढाउने तथा माछापालन र संरक्षणसम्बन्धी जनचेतना फैलाउने अवसर पनि प्रदान गरेको छ।

# भीमफेदीमा आँखा शिविर

मध्यस्थता

मकवानपुरको भीमफेदी गाउँपालिका कार्यालयको मुख्य आयोजनामा मङ्सिर १ गतेदेखि ४ गतेसम्म गाउँपालिकाका सम्पूर्ण वडालाई समेट्ने गरी विभिन्न स्थानमा निःशुल्क आँखा शिविर सञ्चालन भएको छ।

बस्तीपुर जेसीज मनहरी र लायन्स क्लब अफ हेटौँडा स्मारकको संयोजनमा सञ्चालन गरिएको उक्त शिविरमार्फत गाउँपालिकाभरका सर्वसाधारणलाई निःशुल्क आँखा परीक्षण तथा उपचार सेवा प्रदान गरिएको हो। शिविरमा कुल ५९४ जनाले आँखा परीक्षण गराएका छन् भने परीक्षणका क्रममा जटिल समस्या देखिएका २५ जनाको गाउँपालिकाको अस्पतालमै प्राविधिक टोली र आवश्यक उपकरण ल्याएर शल्यक्रिया गरिएको शिविरका प्रमुख आयोजक भीमफेदी गाउँपालिकाले जनाएको छ।

गाउँपालिकाका अनुसार दुर्गम र ग्रामीण क्षेत्रमा बसोबास गर्ने नागरिक हरू नियमित स्वास्थ्य परीक्षणबाट




वञ्चित हुने अवस्थालाई मध्यनजर गर्दै शिविर आयोजना गरिएको हो। शिविरमार्फत आँखासम्बन्धी समस्या पहिचान गरी समयमै उपचार सेवा उपलब्ध गराउँदा स्थानीय बासिन्दाले प्रत्यक्ष लाभ लिएको गाउँपालिकाको भनाइ छ। विशेष गरी वृद्धवृद्धा, न्यून आय भएका नागरिक तथा नियमित अस्पतालसम्म पुग्न कठिनाइ हुने व्यक्तिहरूका लागि शिविर प्रभावकारी बनेको जनाइएको छ।

शिविर भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामाको अध्यक्षतामा भएको हो। कार्यक्रममा नेपाल नेत्रज्योति संघ भरतपुर आँखा अस्पतालले प्राविधिक सहयोग प्रदान गरेको थियो। मकवानपुर घर भई हाल अमेरिका बसोबास गर्दै आएका गोपेन्द्र भट्टराई एवं उनको परिवारले शिविर सञ्चालनका लागि आर्थिक सहयोग उपलब्ध गराएको गाउँपालिकाले जनाएको छ। आयोजकका अनुसार स्थानीय तह, सामाजिक संघसंस्था र प्रवासी नेपालीको सहकार्यले शिविरलाई सफल बनाउन महत्वपूर्ण भूमिका खेलेको छ।

मङ्सिर ४ गते सम्पन्न अन्तिम चरणको शिविर कार्यक्रममा भीमफेदी गाउँपालिका उपाध्यक्ष सञ्जीव श्रेष्ठ, भरतपुर आँखा अस्पतालका प्रमुख डाक्टर पुष्पा गिरी श्रेष्ठ, नेपाल नेत्रज्योति संघ केन्द्रीय कार्यालयका प्रमुख डा. चेतराज पन्त, लायन्स क्लब अफ हेटौँडा स्मारकका अध्यक्ष जीवन छत्कुली, बस्तिपुर जेसीज मनहरीका अध्यक्ष सन्तोष उप्रेती, नेपाल जेसीजका पूर्व उपाध्यक्ष सिनेटर तेजप्रसाद उप्रेतीलगायतको उपस्थिति थियो। भीमफेदी गाउँपालिका वडा नं. २, ४, ५ र ६ का वडाध्यक्षहरू लगायत स्थानीय जनप्रतिनिधि र सरोकारवालाको समेत कार्यक्रममा आतिथ्य रहेको थियो।

कार्यक्रममा सहभागी वक्ताहरूले ग्रामीण क्षेत्रमा निःशुल्क स्वास्थ्य शिविरले जनताको जीवनस्तर सुधार मा सकारात्मक प्रभाव पार्ने भन्दै यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने आवश्यकता औंल्याएका थिए। गाउँपालिकाले आगामी दिनमा पनि विभिन्न स्वास्थ्य समस्या लक्षित निःशुल्क शिविर सञ्चालन गर्ने योजना रहेको जनाउँदै स्थानीय नागरिकको स्वास्थ्यलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

# प्रलोकले छाडे प्रचण्ड

मध्यस्थता

तत्कालीन नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को सुरक्षा कमान्ड सम्हालेका पूर्वजनमुक्ति सेना नेपालका बटालियन कमान्डर प्रकाशचन्द्र पाण्डे (प्रलोक) ले प्रचण्डको साथ छाडेका छन्। लामो समयसम्म प्रचण्डको नजिक रहेर सुरक्षा जिम्मेवारी सम्हालेका पाण्डेले संगठनभित्र वस्तुवादी विधि स्थापित गर्न नसकिएको, पछिल्लो जेनजी आन्दोलनप्रति स्पष्ट र निर्णायक धारणा नआएको तथा नयाँ नेतृत्व निर्माणको सवालमा प्रचण्डले बोल्ड निर्णय लिन नसकेको भन्दै असन्तुष्टि जनाएका छन्। यही असन्तुष्टिका आधारमा उनले नेकपा माओवादी केन्द्र अर्थात हालको नेपाली कम्युनिस्ट पार्टीको साधारण सदस्यसमेत नरहने गरी राजीनामा घोषणा गरेका हुन्।

पाण्डेले नेपाली कम्युनिस्ट पार्टीका संयोजकलाई सम्बोधन गर्दै लिखित पत्रमार्फत आफ्नो राजीनामाको औपचारिक घोषणा गरेका छन्। पत्रमा उनले पछिल्लो समय पार्टी भित्र देखिएको घटनाक्रम निरन्तर रूपमा दोहोरिन थालेपछि आफू पार्टी र जिम्मेवारीमा बसिरहनु उपयुक्त नलागेको उल्लेख गरेका छन्। उनले उपत्यका विशेष प्रदेशको निर्वाचित उपाध्यक्ष पदसँगै नेकपा माओवादी केन्द्र अर्थात हाल नेपाली कम्युनिस्ट पार्टीको साधारण सदस्य पदबाट पनि अलग हुने निर्णय गरेको स्पष्ट पारेका छन्।

राजीनामा पत्रमा पाण्डेले आफ्नो निर्णयलाई जीवनको एक महत्वपूर्ण परीक्षा भनेका छन्। यो निर्णय सजिलै पास हुने परीक्षा नभएको उल्लेख गर्दै उनले यसका लागि ठूलो मेहनत, धैर्य र दृढता आवश्यक पर्ने बताएका छन्। आफूले यो निर्णय लिएपछि आफ्नामाथि विभिन्न आरोप र आलोचनाहरू आउने कुरा पनि उनलाई थाहा रहेको उल्लेख गरेका छन्। तर, ती सबै आरोपको राजनीतिक रूपमा सामना गर्न आफू पूर्ण रूपमा तयार रहेको उनको भनाइ छ। पत्रमा उनले पार्टी र नेतृत्वप्रति आफ्नो इमानदारीमाथि कुनै प्रश्न नउठ्ने दाबी गरेका छन्। पार्टीमा रहँदासम्म आफूले न त व्यक्तिगत फाइदा लिएको न त कुनै स्वार्थ पूरा गरेको उल्लेख गर्दै उनले निस्स्वार्थ रूपमा विचार, संगठन र नेतृत्वको रक्षा गरेको बताएका छन्।

## भैरव : मेरो स्मृतिमा

साहूमाराले त्यही जिन्दगी पनि लिएर मऱ्यो
भैरवको साहूको भनाइ छ -भैरव त जिउँदै छ
उसले झलक्क कुन्नि कहाँ देखेपछि भिडमा हराएछ
त्यसदिनदेखि ऊ भैरवलाई खोजेर हिँडिरहेछ
तर भैरवैभैरवको हूलमा भैरवलाई पाउन उसलाई हम्मेहम्मे परिरहेछ
असन र इन्द्रचोकमा स्याउँस्याउँ भैरवहरू
सस्तो बजारमा लाम लागेका झ्याउ भैरवहरू
दस बजेको बसमा किचाकिच भैरवहरू
पीपलको बोटवरिपरि हल्लिरहेको असरल्ल भैरवहरू
नयाँ सडकको पेटीमा दोहोरो उभिएका भैरवका पर्खालहरू
साँझ पाँचबजे हस्याङ्फस्याङ् फर्किरहेका भैरवका गोलाहरू
उर्दीमा लाममा लागेका काला सेता भैरवहरू
अफिसको काममा लागेको निचोरिएको निबुवाजस्ता भैरवहरू
एउटा भैरवले अर्को भैरवको कठालो समात्छ ।
रमिता हेर्ने भैरवहरूको घेरा लाग्छ, अर्को भैरवले छुटाइदिन्छ
जाँडले टिल्ल भएको भैरवलाई भैरवले घर पुऱ्याएदिन्छ
भैरवले भैरवको कुरा भैरवलाई लगाइदिन्छ
भैरवले भैरवसित जङ्गिएर भैरवको उछित्तो काढ्छ
भैरवको गोजीबाट भिडमा भैरवले पकेट मार्छ
भैरवको ओठमुख सुक्छ, भैरवले छाक टार्छ
छ्यापछ्याप्ती भैरवैभैरवहरू
ग्यालग्याल्ती भैरवैभैरवहरू
रासका रास भैरवहरू
खातका खात भैरवभैरवहरू
हरेक ओठलाई नियाली हेर
त्यहाँ भैरवका कलेटीहरू छन्
हरेक निधारलाई गौड गरेर हेर
त्यहाँ भैरवका रेखाहरू छन्
हरेक आँखामा डुबेर हेर
भैरवका व्यथाहरू छन्
हरेक अनुहारलाई पढेर हेर
त्यहाँ भैरवका कथाहरू छन्
यो भैरवैभैरवको असमेल बाढीमा
के भैरवको साहूले भैरवलाई भेट्टाउला !
मलाई त शङ्कै लाग्छ यो भैरवको महासागरमा
गोता लगाएर कसैले भैरवलाई पाउला !!

*(अक्षय अक्षर अङ्क १४ भैरव स्मृति विशेषबाट साभार)*

मध्यस्थता
Madhyasthata Weekly साप्ताहिक



# राक्सिराङको प्रशासनिक भवन तयार

मध्यस्थता

मकवानपुर जिल्लाकै दुर्गम क्षेत्र मानिने राक्सिराङ गाउँपालिकाको प्रशासनिक कार्यालय भवनको निर्माण कार्य पूरा भएको छ। गाउँपालिकाको केन्द्र चैनपुरमा चारतले र ४३ कोठे सुविधासम्पन्न भवन निर्माण गरी भौतिक संरचनाको काम सकिएको हो। लामो समयदेखि आफ्नै स्थायी भवनको अभावमा सेवा दिँदै आएको गाउँपालिकाले अब एउटै छानामुनि बाट सबै प्रशासनिक सेवा सञ्चालन गर्ने तयारी थालेको छ।

पालिकाका अनुसार कार्यालय भवन निर्माण कार्य २०७८ साल असार महिनामा सुरू गरिएको थियो। निर्माण सम्झौता अनुसार २०८२ साल असार मसान्तसम्म भवन निर्माण सम्पन्न गर्नुपर्ने समयसीमा तोकिएको थियो । तोकिएको समयभन्दा करिब चार महिना ढिला भए पनि भवन निर्माणको सम्पूर्ण काम सकिएको गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए।

अध्यक्ष मल्लका अनुसार अब निर्माण कम्पनीले अन्तिम प्रक्रिया पूरा गरी दुई साताभित्र भवन गाउँपालिकालाई औपचारिक रूपमा



हस्तान्तरण गर्ने तयारी गरेको छ। उहाँले भवन हस्तान्तरणसँगै पालिकाको प्रशासनिक सेवा प्रणालीमा महत्वपूर्ण सुधार आउने विश्वास व्यक्त गरे।

भवन निर्माणको ठेक्का जयमाता इन्जिनियरिङ निर्माण कम्पनीले लिएको थियो। हाल निर्माण कम्पनी भवन हस्तान्तरणको अन्तिम चरणमा जुटेको गाउँपालिकाका प्राविधिक धर्मराज चौधरीले बताए। उनका अनुसार आवश्यक प्राविधिक परीक्षण, कागजी प्रक्रिया र अन्तिम निरीक्षण पछि भवन हस्तान्तरण गरिनेछ। करिब सात कट्ठा क्षेत्रफलको जग्गामा निर्माण गरिएको उक्त कार्यालय भवनमा करिब ६ करोड ४२ लाख रूपैयाँ लागत लागेको छ। चारतले भवनमा प्रशासनिक कार्यका लागि आवश्यक कोठाहरू, बैठक कक्ष, शाखा कार्यालय, भण्डारण कक्षलगायत संरचना समावेश गरिएको जनाइएको छ।

भवन हस्तान्तरणपछि हाल विभिन्न स्थानमा छरिएर सञ्चालन हुँदै आएका गाउँपालिकाका कार्यालय तथा शाखाहरू एउटै छानामुनि ल्याइने अध्यक्ष मल्लले बताए। उनका अनुसार यसले सेवाग्राहीलाई सेवा लिन सहज हुने मात्र होइन, कर्मचारीको कार्य सम्पादन र प्रशासनिक समन्वय पनि प्रभावकारी बन्नेछ।

दुर्गम भौगोलिक अवस्थाका कारण सेवा प्रवाहमा देखिँदै आएको असहजतालाई नयाँ भवनले धेरै हदसम्म कम गर्ने अपेक्षा गरिएको छ।

हाल राक्सिराङ गाउँपालिकाको कार्यालय चैनपुरमै रहेको भए पनि एकनाले निर्माण गरिएको कच्ची भवनबाट सेवा दिइँदै आएको छ। सीमित संरचना र अपुग स्थानका कारण स्वास्थ्य, कृषि लगायतका शाखाहरू भने अन्य संघसंस्थाका भवनमा आश्रय लिएर सञ्चालन हुँदै आएका छन्। यसले सेवाग्राही र कर्मचारी दुवैलाई असुविधा हुँदै आएको थियो। नयाँ भवन सञ्चालनमा आएपछि यस्ता समस्या अन्त्य हुने गाउँपालिकाले जनाएको छ।


मकवानपुर जिल्लाका १० वटा स्थानीय तहमध्ये हाल मनहरी, इन्द्रसरोवर र बकैया गाउँपालिकाको प्रशासनिक भवन निर्माणाधीन अवस्थामा छन्। राक्सिराङ गाउँपालिकाको भवन निर्माण सम्पन्न भएसँगै जिल्लामा स्थायी प्रशासनिक संरचना तयार गर्ने क्रमले गति लिएको देखिन्छ। स्थानीय जनप्रतिनिधि र बासिन्दाले नयाँ भवनले गाउँपालिकाको सेवा, सुशासन र विकास व्यवस्थापनमा नयाँ आयाम थप्ने विश्वास व्यक्त गरेका छन्।

# बुङ्दलमा मोटरसाइकल दुर्घटना

मध्यस्थता

मकवानपुर जिल्लाको भीमफेदी गाउँपालिका-१ अन्तर्गत बुङ्दल स्थित भित्री सडकखण्डमा गएराति भएको मोटरसाइकल दुर्घटनामा दुई जनाको मृत्यु भएको छ। बुङ्दल खोलामाथि रहेको पुलबाट मोटर साइकल अनियन्त्रित भई खस्दा घटनास्थलमै दुई पुरूषको मृत्यु भएको हो।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक पुस्कर बोगटीका अनुसार बा प्र ०३-००५ प ७९८० नम्बरको मोटरसाइकल पुलमाथिबाट करिब ५० फिट तल खसेको थियो। दुर्घटना यति भीषण थियो कि मोटरसाइकलमा सवार दुवै जनाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। दुर्घटनाको सूचना प्राप्त हुनासाथ




प्रहरी टोली घटनास्थलमा पुगेर आवश्यक अनुसन्धान तथा मुचुल्का प्रक्रिया अघि बढाएको थियो।

प्रहरीका अनुसार दुर्घटनामा ज्यान गुमाउनेमध्ये मोटरसाइकल चालक ३९ वर्षीय बिर बहादुर गुरूङ रहेका छन्। उनका स्थायी घर हेटौंडा उपमहानगरपालिका-२ चौकीटोल रहेको प्रहरीले जनाएको छ। त्यसैगरी मोटरसाइकलको पछाडि सवार ३५ वर्षीय चन्द्र बहादुर गुरूङको पनि दुर्घटनामा मृत्यु भएको छ। चन्द्र बहादुर गुरूङको स्थायी घर पूर्वी नवलपरासीको कावासोति नगरपालिका-१३ भए पनि हाल उनी हेटौंडा उपमहानगर पालिका-२ चौकीटोलमा डेरागरी बस्दै आएको प्रहरीको भनाइ छ।

दुवै मृतकको सनाखत उनीहरूका श्रीमतीले गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ। दुर्घटनाको कारणबारे विस्तृत अनुसन्धान भइरहेको र सडक अवस्था, गति तथा अन्य सम्भावित कारणहरूबारे समेत अध्ययन भइरहेको प्रहरी नायब उपरीक्षक बोगटीले बताए।

स्थानीयवासीका अनुसार बुङ्दल क्षेत्रको भित्री सडकखण्ड साँघुरो र जोखिमपूर्ण रहेको छ। विशेष गरी रातिको समयमा सवारी साधन चलाउँदा उच्च सावधानी आवश्यक पर्ने भए पनि दुर्घटनाको श्रृंखला दोहोरिनु चिन्ताको विषय बनेको छ। प्रहरीले सवारी चालक लाई गति नियन्त्रण गर्न, सुरक्षाका मापदण्ड अपनाउन र जोखिमपूर्ण सडकमा विशेष सतर्कता अपनाउन आग्रह गरेको छ।

# चालु अधिवेशनको अन्त्य

मध्यस्थता

बागमती प्रदेशसभाको वर्षे अधिवेशन अन्त्य गरिएको छ। बुधबार हेटौंडामा बसेको बागमती प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले प्रदेशसभाको चालु अधिवेशन अन्त्य गर्न प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने निर्णय गरेको हो। मन्त्रिपरिषद्को उक्त निर्णयसँगै प्रदेशसभाको जारी अधिवेशन औपचारिक रूपमा टुंग्याउने प्रक्रिया अघि बढाइएको छ।

प्रदेश सरकारका प्रवक्ता एवम् आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले मन्त्रिपरिषद्




बैठकको निर्णय सार्वजनिक गर्दै चालु अधिवेशन बिहीबार मध्यरातबाट अन्त्य गर्ने गरी प्रदेश प्रमुख समक्ष सिफारिस गरिएको जानकारी दिए। उनका अनुसार संवैधानिक तथा कानुनी प्रक्रियाअनुसार प्रदेश प्रमुखबाट अधिवेशन अन्त्यको आदेश जारी भएपछि प्रदेशसभाको वर्षे अधिवेशन समाप्त हुनेछ।

प्रदेश सरकारले वर्षे अधिवेशनकै क्रममा प्रदेशसभा हाल रिक्त रहेको सभामुख पदमा नयाँ सभामुख चयन गर्ने तयारी गरेको थियो। तर सत्तारूढ दल नेपाली कांग्रेस र नेकपा एमालेबीच सभामुख चयनका विषयमा सहमति नजुट्दा सो योजना कार्यान्वयन हुन सकेन।

सभामुख चयनमा देखिएको राजनीतिक असहमतिकै कारण अधिवेशनको महत्वपूर्ण कार्यसूची अधुरै रहन पुगेको छ।

जेनजी आन्दोलनपश्चात् तत्कालीन सभामुख भुवन पाठकले पदबाट राजीनामा दिएपछि बागमती प्रदेशसभामा सभामुख पद रिक्त रहँदै आएको छ। सभामुखको अनुपस्थितिका कारण प्रदेशसभाको नियमित सञ्चालन र निर्णय प्रक्रियामा समेत प्रभाव परिरहेको छ। संवैधानिक व्यवस्थाअनुसार प्रदेशसभा रिक्त भएको अवस्थामा १५ दिनभित्र सभामुख चयन गर्नुपर्ने बाध्यात्मक प्रावधान रहेकाले कांग्रेस नेतृत्वको प्रदेश सरकारलाई बैठक सञ्चालन र व्यवस्थापनमा कठिनाइ भइरहेको छ।

सभामुख चयनको संवैधानिक बाध्यताले सरकारमाथि राजनीतिक दबाब बढ्दै गएको भए पनि सत्तारूढ दलहरूबीच आवश्यक सहमति नबन्दा समस्या समाधान हुन नसकेको देखिन्छ। यही परि स्थितिका बीच सरकारले चालु वर्षे अधिवेशन अन्त्यको सिफारिस गरेपछि अब आगामी अधिवेशन कहिले र कुन कार्यसूचीसहित आह्वान गरिन्छ भन्ने विषयमा राजनीतिक चासो बढेको छ।

## *कमरेड प्रचण्डका...*

*व्यक्तिदेखि सेना समायोजनको अन्तिम छलफल चल्दै गर्दा समायोजनको विषयमा रूकमांगद कटवालसँगका वार्तालापसम्म, अनि कटवाल र झलनाथले दिएको धोका हुन् वा भारतीय पक्षले यो वा त्यो नाममा पशुपति पुजारी काण्डमा दिएको तनावलाई कूटनीतिक प्रतिवाद र प्रतिरोधका निम्ति तयार प्रचण्ड।*

*हरेक पटक पार्टी फुट्दा के म समस्या हो ? मसँगै रहेका तपाईं सचिवालय र फोर्सका कमरेडहरूले सुझाव दिनोस् है भन्ने प्रचण्ड म झलझल याद गरिरहेको छु। रेणु दिदी, अर्जुन र सागर भिनाजु जसले प्रचण्डलाई कहिले बेचेनन्, इमानमा अडिग ती दिनहरू रिल जस्तै फनफनी घुमिरहेका छन्।*

*सँगै सुरक्षामा रहेका कमरेडहरूले खाजा/खाना खाए वा खाएनन् सोध्ने प्रचण्ड, सीता आमाले आज भाषण गर्नुपर्छ चिल्लो-पिरो खाँदा गाऱ्हो हुन्छ भन्दा हामीलाई खुसुक्क मःम खान पऱ्यो भन्ने त्यो सरलताको प्रचण्ड आज म निकै विक्षिप्त छु, मैले यो लेख्न हुन्थ्यो वा हुँदैनथ्यो मलाई थाहा छैन। मसँग यस्ता अनुभूति र सत्य कथा कति छन् कति। मैले जीवन पर्यन्त नभन्दा देश र जनतालाई फाइदा पुग्ने अमिट छाप पनि अनगिन्ती छन्।*

*नेपाली समाजको वर्गीय, क्षेत्रीय, जातीय, लैगिंक अधिकारका लागि जीवनलाई तिलाञ्जली दिन तयार प्रेरणाको स्रोत कोही छ भने त्यो प्रचण्ड नै हो। पुरातन अतिवादी संस्कार र मान्यताहरूको मूल जरोलाई हल्लाइदिने कोही हो भने तपाईं हो। इतिहासको कठघरामा उभिएर जन्मिएको माटोलाई छातीमा राखेर तमाम शहीदहरूलाई सम्झिएर कसम खानुपरेको दिन यो चाहिँ गर्वले भन्छु, प्रचण्ड इमानदार छन्।*

*मडारिएको कालो बादल*

*केही वर्षदेखि पार्टीभित्र बढ्दै गएको आत्मकेन्द्रित व्यक्तिवाद, तपाईंलाई देखाएर आफ्ना कमिटी/जवस मोर्चाहरूका नेताहरूले सहयोद्धा कमरेडहरूलाई गरेको छिःछिः दूरदूर, फरक विचारलाई कत्लेआम, अपमान यति असहिष्णु बढेको छ त्यो व्यक्ति हत्यासम्म नपुग्ला भन्न सकिन्न।*

*तथ्य र सत्य रिपोर्टिङ तपाईंकहाँ आउने बाटोहरू पूर्ण रूपमा बन्द गराउँदै आइरहेका छन्। आफू, आफ्ना वा आफ्ना नश्लसमेत जोडिएकालाई खातमाथि खात पार्दै निमुखा, इमानदार कार्यकर्ता, जनतालाई धोका दिइरहेका छन्। तपाईंलाई खुसी पार्न गरिने जायज वा नाजाय पर्दा पछाडिका खेलहरू यति गम्भीर छन् कि सायद त्यसले भोलिका दिनहरूमा भौतिक शरीरमाथि पनि सजिलै धावा बोल्ने फराकिलो बाटो तय गरेका छन्।*

*तपाईं पूर्व-पश्चिम जनताको घरदैलोमा रहँदा तराई कुनै जिल्लामा धारोमा सामान्य चिप्लिएको कुरा होस् वा तपाईंले प्रयोग गर्ने कपडा, खाने नुन होस् वा चामल, कफी होस् वा तरकारी त्यो निशानामा छ। छिनभर मै सूचना लाजिम्पाट वा चक्रपथ पुग्छ कसरी ? यो मलाई राम्रो अनुभूत छ। आफ्नै भन्नेहरू वैरी छन्। अविश्वास पनि कसलाई किन कसरी गर्ने ? विस्तारै घेरा हाल्दै हाल्दै आज तपाईंलाई किरण, बाबुराम, विप्लव वा कठिन यात्रामा सँगसँगै रहेका बादल, जनार्दनभन्दा पहिला माधव, झलनाथ, वामदेवहरू प्रिय बनाइदिएका छन्।*

*तपाईंको भावना, पिर, वेदना मजाले पोखेर मन शान्त पार्ने, कुरा सुनेर हामी छौं संयोजक कमरेड भनिदिने पात्र पनि म देख्दिनँ। लुछ्ने, खाने, बार्गेनिङ गर्ने, घुर्की लाउने, दिए प्रचण्ड महान नेता नदिए खत्तम्। यस्तै घेराको बीचमा तपाईं हुनुहुन्छ। तपाईं घेरा तोडेर बाहिर निस्कन अब ढिलो हुने क्रम बढ्दै छ। फरक मत राख्नेको उछितो काढेका छन्। लेलिनवादी सांगठनिक मान्यतासमेत मान्ने परिस्थिति कमिटीहरूमा छैन।*

*संगठन मा वस्तुवादो विधि तयार, पछिल्लो जेनजी आन्दोलन र नयाँ नेतृत्व निर्माणको प्रश्नमा तपाईंले बोड्ली लिन नसकेको डिसिजन पनि घेराबन्दी हो।*

*राजीनामा र पार्टी परित्याग*

*अतः यी र यस्ता घट्नाक्रम निरन्तर हुन थालेपछि मलाई उपत्यका विशेष प्रदेशको निर्वाचित उपाध्यक्ष पदसहित नेकपा (मा.के) अर्थात् हाल नेपाली कम्युनिस्ट पार्टीको साधारण सदस्य समेतमा बसिरहनु उचित नलागेपछि राजीनामा पेस गरेको छु।*

*मलाई थाहा छ, मेरो यो निर्णय मेरो ठूलो परीक्षा पनि हो। यो परीक्षा पास गर्न चानचुने मिहिनेत पर्दैन। मलाई यो पनि थाहा छ, ममाथि कस्ता आरोप वा शब्द प्रयोग हुन्छन्। म ती सबै आरोपको राजनीतिक प्रतिवादका लागि तयार छु। यो पत्रमा यत्ति चाहिँ भनौं, मैले तपाईं र यो पार्टीमा रहँदा सम्म तपाईं र पार्टीको इमान बेचिनँ। मैले कुनै फाइदा लिइनँ। निःस्वार्थ विचार/नेतृत्वको रक्षा गरें। स्वभाव जन्य व्यवहारले कहीँ, कतै, कसैलाई मन दुखाएको भए यही पत्रमार्फत क्षमा माग्दछु।*

मध्यस्थता
Madhyasthata Weekly साप्ताहिक
म.जि.प्र.का.द.नं. २०/०५५/०५६
जि.हु.का.द.नं. ०१/०८२/०८३
२०८२ मंसिर ७ गते आइतबार
(23rd Nov., Sunday 2025)

# बागमतीको राजस्व प्रगति

मध्यस्थता

चालु आर्थिक वर्षको पहिलो चार महिनामा वागमती प्रदेश सरकारले आफ्नो वार्षिक राजस्व लक्ष्यको १७ दशमलव १८ प्रतिशत मात्र सङ्कलन गर्न सफल भएको छ ।

प्रदेश सरकारले साउनदेखि कात्तिक महिनासम्म ११ अर्ब ५९ करोड ११ लाख ४१ हजार रूपैयाँ राजस्व सङ्कलन गरेको आन्तरिक मामिला तथा योजना विकास मन्त्रालयले जनाएको छ । वार्षिक लक्ष्यको तुलनामा राजस्व संकलनको गति अपेक्षाकृत सुस्त देखिएको मन्त्रालयको तथ्याङ्कले देखाउँछ ।

प्रदेश सरकारका अनुसार घर जग्गा रजिष्ट्रेशन (मालपोत) र सवारी साधन कर प्रदेशको राजस्व सङ्कलनका प्रमुख आधार मानिन्छन् । चालु आर्थिक वर्ष २०८२/८३ मा यी दुवै शीर्षक सहित बाँडफाँटबाट ३० अर्ब ८९ करोड ११ लाख ८९ हजार रूपैयाँ राजस्व सङ्कलन हुने अनुमान गरिएको छ । तर साउनदेखि कात्तिकसम्मको अवधिमा उक्त लक्ष्यको २२ दशमलव ४५ प्रतिशत मात्र प्रगति हासिल भएको छ । यस अवधिमा छ अर्ब ९३ करोड ६४ लाख ४६ हजार रूपैयाँ राजस्व सङ्कलन भएको बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा योजना विकास मन्त्रालयका सूचना अधिकारी सुरज पौडेलले जानकारी दिए ।

घरजग्गा रजिष्ट्रेशन शीर्षक अन्तर्गत चालु आर्थिक वर्षमा सात अर्ब ७० करोड राजस्व सङ्कलन गर्ने लक्ष्य लिइएको छ । तर पहिलो चार महिनामा सो लक्ष्यको करिब १६ दशमलव ७ प्रतिशत मात्र प्रगति भएको छ । यस अवधिमा घरजग्गा रजिष्ट्रेशनबाट रू एक अर्ब २३ करोड ७० लाख ३५ हजार राजस्व सङ्कलन भएको मन्त्रालयले जनाएको छ । रियल स्टेट कारोबारमा आएको मन्दी र आर्थिक गतिविधिको सुस्तताले यस शीर्षकमा अपेक्षित राजस्व उठ्न नसकेको देखिएको छ ।

यसैगरी सवारीसाधन जाँचपास, रूट पर्मिट, सवारीचालक अनुमति पत्र वितरण तथा नवीकरण लगायतका शीर्षक अन्तर्गत सवारी करबाट चालु आव २०८२/८३ मा रू आठ अर्ब २५ करोड राजस्व सङ्कलन हुने अनुमान गरिएको थियो । तर कात्तिक महिनासम्म आइपुग्दा लक्ष्यको २८ दशमलव दुई प्रतिशत अर्थात् दुई अर्ब ३१ करोड १८ लाख ४२ हजार रूपैयाँ मात्र राजस्व सङ्कलन भएको छ । सवारी करतर्फको प्रगति अन्य केही शीर्षकको तुलनामा तुलनात्मक रूपमा राम्रो देखिए पनि वार्षिक लक्ष्य हासिल गर्न अझै ठूलो प्रयास आवश्यक देखिन्छ ।

प्रदेश सरकारले बाँडफाँट मार्फत प्राप्त गर्ने मूल्य अभिवृद्धि कर (भ्याट) बापत चालु आवमा आठ अर्ब ७९ करोड ८६ लाख ६७ हजार रूपैयाँ प्राप्त हुने अनुमान गरेको छ । तर पहिलो चार महिनाको अवधिमा यस शीर्षकमा दुई अर्ब ४९ करोड ५५ लाख ३५ हजार मात्र सङ्कलन भएको छ । त्यस्तै, अन्तःशुल्क कर बापत चार अर्ब तीन करोड ७९ लाख नौ हजार रूपैयाँ प्राप्त हुने अनुमान गरिएकोमा सो अवधिमा ८४ करोड ३६ लाख २१ हजार रूपैयाँ मात्र प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

सङ्घीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान अन्तर्गत चालु आर्थिक वर्षमा वागमती प्रदेशले १४ अर्ब ८१ करोड ९३ लाख रूपैयाँ प्राप्त गर्ने अनुमान गरेको छ । तर पहिलो चार महिनाको अवधिमा यस शीर्षकबाट लक्ष्यको २३ दशमलव ३७ प्रतिशत मात्र प्राप्त भएको छ । उक्त अवधिमा तीन अर्ब ४६ करोड ३४ लाख ७१ हजार रूपैयाँ समानीकरण अनुदान प्राप्त भएको सूचना अधिकारी पौडेलले बताए । त्यसैगरी चालु आव २०८२/८३ मा प्रदेश सरकारको आन्तरिक स्रोतबाट रू चार अर्ब ७७ करोड ७४ लाख २५ हजार राजस्व सङ्कलन हुने अनुमान गरिएको छ । तर पहिलो चार महिनाको अवधिमा लक्ष्यको २३ दशमलव ७० प्रतिशत अर्थात् एक अर्ब १३ करोड २२ लाख २८ हजार रूपैयाँ मात्र आन्तरिक राजस्व सङ्कलन भएको छ । प्रदेश सरकारका अनुसार आर्थिक गतिविधिमा देखिएको सुस्तता, बजारमा आएको मन्दी र करदाताको क्षमता कमजोर हुनु राजस्व संकलनमा असर पार्ने प्रमुख कारणका रूपमा देखिएका छन् ।

प्रदेश सरकारले आगामी महिनामा राजस्व संकलनको दायरा विस्तार गर्ने, कर प्रशासनलाई थप प्रभावकारी बनाउने र आन्तरिक स्रोतको पहिचान तथा परिचालनमा जोड दिने तयारी गरिरहेको जनाएको छ ।

## साताको तस्बिर



**हेटौँडा-बनेपा बस सेवा सुरुः** काभ्रेको बनेपाबाट च्याम्राङ्ग्रबेशी हुँदै हेटौंडा आउने नयाँ बस सेवा सञ्चालनमा आएको छ । स्थानीयवासीको माग र वडा सिफारिसपछि सुरु भएको यस बसले नियमित रुपमा बेथानचोक र अन्य क्षेत्र हुँदै प्रदेश राजधानीसम्म सेवा दिनेछ । बस सेवाले स्थानीयहरूको आवत-जावत, व्यापार र व्यक्तिगत काममा सहजता प्रदान गर्ने अपेक्षा गरिएको छ ।

# एमालेको शक्ति प्रदर्शन

मध्यस्थता



नेकपा एमालेले मकवानपुरको हेटौंडामा शक्ति प्रदर्शन गरेको छ । मकवानपुर जिल्लाका दश वटै स्थानीय तहबाट ठूलो संख्यामा उपस्थित भएका नेकपा एमालेका नेता तथा कार्यकर्ताले आज हेटौंडामा मोटरसाइकल ऱ्यालीसहित जनसभा कार्यक्रम आयोजना गर्दै सरकारका कदमप्रति विरोध जनाएका हुन् । विघटित प्रतिनिधिसभा पुनःस्थापना गर्नुपर्ने माग र जेनजी आन्दोलनका क्रममा भएको तोडफोडमा संलग्न व्यक्तिहरूलाई कडाभन्दा कडा कारबाही गर्नुपर्ने मागसहित एमालेले हेटौंडामा प्रदर्शन गरेको हो ।

एमाले मकवानपुरका उपाध्यक्ष हिदम लामाका अनुसार जिल्लाका सबै स्थानीय तहबाट आएका नेता तथा कार्यकर्ताले विभिन्न दिशाबाट मोटरसाइकल र्याली निकाल्दै हेटौंडाको मुख्य बजार क्षेत्रमा प्रवेश गरेका थिए । उत्तरी क्षेत्रका एमाले कार्यकर्ताहरू सामरी पुलबाट मोटर साइकल र्यालीसहित अघि बढेका थिए भने दक्षिण क्षेत्रका नेता तथा कार्यकर्ताहरू कर्रापुल क्षेत्रबाट हेटौंडा प्रवेश गरेका थिए । त्यस्तै, पूर्व क्षेत्रका नेता तथा कार्यकर्ताहरू फुर्केचौर क्षेत्रबाट र पश्चिम क्षेत्रका एमाले नेता तथा कार्यकर्ताहरू रापती पुल हुँदै मोटरसाइकल ऱ्यालीसहित हेटौंडाको मुख्य बजारमा प्रवेश गरेको उनले जानकारी दिए । उनका अनुसार र्यालीमा ठूलो संख्यामा नेता तथा कार्यकर्ताको सहभागिता रहेको थियो ।

मोटरसाइकल ऱ्यालीपछि हेटौंडाको हुप्राचौरमा आयोजित जनसभामा एमालेका केनीय नेता डाक्टर राजन भट्टराईले सम्बोधन गरे । जनसभालाई सम्बोधन गर्दै उनले देशको राष्ट्रियताको रक्षा गर्न सबै शक्ति एकताबद्ध हुन आवश्यक रहेको धारणा व्यक्त गरे । उनले राष्ट्रियताको रक्षा केवल एक दल वा समूहको जिम्मेवारी नभई सम्पूर्ण नेपाली जनताको साझा दायित्व भएको उल्लेख गर्दै देशको राष्ट्रियता सँगै लोकतन्त्र र संविधानको रक्षा गर्न पनि सबै एकजुट हुनुपर्ने बताए । उनका अनुसार राष्ट्रियता, लोकतन्त्र र संविधानको वास्तविक रक्षक जनता नै हुन् र जनताकै एकताले मात्र ती मूल्यहरू जोगाउन सकिन्छ । जनता नै सर्वोपरी शक्ति भएको उनको भनाइ थियो ।

एमालेले जेनजी आन्दोलनकै कारण मुलुकको राजनीतिक अवस्था गम्भीर मोडमा पुगेको आरोप लगाउँदै आएको छ । सोही आन्दोलनको परिणामस्वरूप पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भएको र प्रतिनिधिसभा विघटन गरिएको एमालेको दाबी छ । सरकारले आगामी फागुन २१ गते प्रतिनिधिसभा निर्वाचनको घोषणा गरिसकेको भए पनि एमालेले भने प्रतिनिधिसभा विघटनको कडा विरोध गर्दै त्यसलाई तत्काल पुनःस्थापना गर्नुपर्ने अडान लिँदै आएको छ ।

एमालेले फागुनमा घोषणा गरिएको प्रतिनिधिसभा निर्वाचनमा भाग नलिने स्पष्ट सङ्केत दिँदै आएको छ । पार्टी नेतृत्वले सडक आन्दोलनलाई नै मुख्य माध्यम बनाएर प्रतिनिधिसभा पुनःस्थापित गर्न सरकारलाई बाध्य पार्ने दाबी गरिरहेको छ । हेटौँडामा आयोजित प्रदर्शन र जनसभा पनि सोही आन्दोलनको एक महत्वपूर्ण कडी भएको एमाले नेताहरूले बताएका छन् । एमालेका अनुसार जबसम्म प्रतिनिधिसभा पुनःस्थापना हुँदैन र जेनजी आन्दोलनका क्रममा भएको तोडफोडमा संलग्न व्यक्तिहरूलाई कारवाही गरिँदैन, तबसम्म पार्टीको आन्दोलन जारी रहनेछ ।

# प्रदेशमा अनौपचारिक श्रमिक सुरक्षामा जोड

मध्यस्थता



बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक हरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने अभियानलाई तीव्र बनाएको छ । सोही उद्देश्यका साथ मन्त्रालयले बागमती प्रदेशको राजधानी हेटौंडामा प्रदेशभरिका स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा सम्बन्धित सरोकारवाला निकायहरूको सहभागितामा अन्तरक्रिया गरेको छ ।

कार्यक्रममार्फत अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूको वर्तमान अवस्था, सामाजिक सुरक्षा कोषमा उनीहरूको सहभागिता, कार्यान्वयनमा देखिएका चुनौती तथा समाधानका उपायबारे विस्तृत छलफल गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि तथा बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री जयराम थापाले अनौपचारिक क्षेत्रका श्रमिकहरू प्रायः आधारभूत सामाजिक सुरक्षाविना काम गर्न बाध्य रहेको यथार्थ औंल्याउँदै उनीहरूलाई सामाजिक सुरक्षा कोषमा समेट्नु राज्यको प्रमुख दायित्व भएको स्पष्ट पारे । मन्त्री थापाले श्रमिकको जीवनस्तर सुधार र भविष्यको सुरक्षा सुनिश्चित गर्न स्थानीय तहको भूमिका अत्यन्तै महत्वपूर्ण रहेको उल्लेख गर्दै प्रत्येक वडामा सामाजिक सुरक्षा कोषसम्बन्धी प्रचार-प्रसार गर्न र आवश्यक पूर्वाधार विकासका लागि बजेट विनियोजन गर्नुपर्नेमा जोड दिए । उनले प्रत्येक पालिकामा श्रम डेस्क स्थापना अनिवार्य रहेको बताउँदै संघीय सरकारसँग आवश्यक समन्वय गरी सामाजिक सुरक्षा कोषमा थप रकम योगदान गर्न प्रदेश सरकार तयार रहेको जानकारी दिए ।

अन्तरक्रियामा नेकपा एमाले बागमती प्रदेशसभाका प्रमुख सचेतक एवम् पूर्व श्रम, रोजगार तथा यातायात मन्त्री एकालाल श्रेष्ठले सामाजिक सुरक्षा कार्यक्रमहरूले राज्यप्रति जनताको विश्वास अभिवृद्धि गर्ने धारणा व्यक्त गरे । उनले सरकार जनमुखी हुन नसकेमा विभिन्न प्रकारका आन्दोलन जन्मिन सक्ने चेतावनी दिँदै सामाजिक सुरक्षा कोषजस्ता कार्यक्रमहरूले श्रमिकलाई अभिभावकत्वको अनुभूति गराउने बताए । श्रमिकको अधिकार संरक्षण र सुरक्षित भविष्यका लागि सामाजिक सुरक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु आजको आवश्यकता भएको उनको भनाइ थियो ।

कार्यक्रममा सामाजिक सुरक्षा कोषका वरिष्ठ सहायक निर्देशक जयकृष्ण दुलालले कोषका योजनाबारे प्राविधिक प्रस्तुतीकरण दिए । उनका अनुसार अनौपचारिक क्षेत्रका श्रमिकबाट न्यूनतम पारिश्रमिकको ११ प्रतिशत योगदान र त्यसमा सरकारले थप गर्ने ९ दशमलव ३७ प्रतिशत योगदान गरी कुल २० दशमलव ३७ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा हुने व्यवस्था रहेको छ । यस किसिमको योगदान संरचनाले श्रमिकलाई स्वास्थ्य, पेन्सन, दुर्घटना तथा आश्रित सुरक्षाजस्ता सुविधामा पहुँच दिलाउने उनले स्पष्ट पारे ।

अन्तरक्रिया कार्यक्रममा भीमफेदी गाउँपालिका र बुढानिलकण्ठ नगरपालिकाले आ-आफ्ना क्षेत्रमा रहेका अनौपचारिक श्रमिकको पञ्जीकरण तथा सामाजिक सुरक्षा कोषमा सहभागिता सम्बन्धी अनुभव र उपलब्धि सार्वजनिक गरेका थिए । भीमफेदी गाउँपालिकाका प्रमुख हिदम लामाले हालसम्म १९७ जना अनौपचारिक श्रमिकका लागि पालिकाले नियमित रूपमा ९ दशमलव ३७ प्रतिशत योगदान गर्दै आएको जानकारी दिए । उनले यस प्रकारको स्थानीय तहको सक्रिय सहभागिताले न्यून आम्दानी भएका श्रमिकहरूको भविष्य सुरक्षित हुने र उनीहरूमा आत्मविश्वास बढ्ने टिप्पणी गरे ।

कार्यक्रममा सहभागी प्रदेशसभा सदस्य, स्थानीय तहका प्रमुख तथा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूले अनौपचारिक श्रमिकको अधिकार संरक्षण र सामाजिक सुरक्षा कोषमा सहभागिता बढाउन संघ, प्रदेश र स्थानीय तहबीच सशक्त सहकार्य आवश्यक रहेकोमा जोड दिएका थिए । उनीहरूले सामाजिक सुरक्षा कोषलाई श्रमिकमैत्री बनाउँदै अभियानलाई प्रभावकारी रूपमा अघि बढाउन आ-आफ्नो तहबाट आवश्यक भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाएका छन् ।

# खैरो हिरोइनसहित पक्राउ

मध्यस्थता

मकवानपुरको हेटौंडा उपमहा नगरपालिका-१० अन्तर्गत कर्रा क्षेत्रबाट प्रहरीले खैरो हिरोइनसहित एक व्यक्तिलाई नियन्त्रणमा लिएको छ । लागुऔषध ओसारपसार तथा कारोबार भइरहेको भन्ने विशेष सुराकीका आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको मोवाइल टोलीले गएराति कर्रा क्षेत्रमा निगरानी बढाउँदै चेकजाँच गरेको थियो ।

सोही क्रममा पैदल हिँडिरहेको अवस्थामा शंकास्पद देखिएपछि रोकी चेकजाँच गर्दा लागुऔषध फेला परेपछि प्रहरीले उनलाई नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक पुस्कर बोगटीका अनुसार नियन्त्रणमा लिइने व्यक्ति हेटौंडा उपमहानगरपालिका-१० कै ३७ वर्षीय हर्क बहादुर क्षेत्री हुन् । प्रहरीले उनलाई रोक्दै शरीर तथा साथमा रहेको सामग्रीको चेकजाँच गर्दा खैरो हिरोइन जस्तो देखिने लागुऔषध बरामद भएको बोगटीले जानकारी दिनुभयो । बरामद गरिएको लागु औषधको तौल ७ ग्राम ५४० मिलिग्राम रहेको छ, जुन प्रारम्भिक परीक्षणमा खैरो हिरोइनसँग मिल्दोजुल्दो देखिएको प्रहरीले जनाएको छ ।

लागुऔषध बरामद भएसँगै प्रहरीले क्षेत्रीलाई नियन्त्रणमा लिएर आवश्यक कानुनी प्रक्रिया अघि बढाएको छ । बरामद गरिएको पदार्थ परीक्षण तथा थप अनुसन्धान र कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरमा राखिएको प्रहरी नायब उपरीक्षक बोगटीले बताउनुभयो । घटनाबारे थप अनुसन्धान भइरहेको र लागु औषधको स्रोत, संलग्न सञ्जाल तथा अन्य व्यक्तिहरूको भूमिकाबारे पनि प्रहरीले खोजी गरिरहेको जनाइएको छ ।

मकवानपुर जिल्लामा लागुऔषध ओसारपसार तथा प्रयोग नियन्त्रणका लागि प्रहरी सक्रिय रूपमा परि चालन हुँदै आएको र विशेष सूचनाका आधारमा निगरानी तथा चेकजाँचलाई थप प्रभावकारी बनाइएको प्रहरीले जनाएको छ ।

■ प्रकाशकः मध्यस्थता मिडिया प्रा.लि. ■ कार्यालयः हेटौंडा-५, मकवानपुर, फोनः ०५७-५२३८००, मो. ९८५५०१२००० ■ इमेलः madhyasthata@gmail.com ■ मुद्रणः श्रीया अफसेट प्रेस, हेटौंडा-५ ■ सम्पादकः शिवप्रसाद चौलागाई